का.जि.प्र.का.द.नं. १००/०५९/६०

२८ भदौ २०८१,

शुक्रबार

13 September, 2024

Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २२, अंक २१३ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com


# संवैधानिक नियुक्तिमा भागबण्डा !



प्रधानन्यायाधीश, न्यायाधीश र संवैधानिक निकायका प्रमुख एवम् पदाधिकारीहरुमा रहेको रिक्तता पूर्ति गर्न प्रमुख तीन दलका तीन नेता सहमत भएका छन् । राजनीतिक भागबण्डा मिलेकाले यस्तो सहमति भएको नेताहरू बताउँछन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ भदौ ।

संवैधानिक नियुक्तिमा राजनीतिक भागबण्डा हुने भएको छ। सर्वोच्च अदालतमा प्रधानन्यायाधीश र चार न्यायाधीशको पद रिक्त छ। यी लगायत संवैधानिक निकायका निकायका प्रमुख एवं पदाधिकारीहरूमा रहेको रिक्तता पूर्ति गर्न प्रमुख तीन दलका तीन नेता सहमत भएका छन्। राजनीतिक भागबण्डा मिलेकाले यस्तो सहमति भएको नेताहरू बताउँछन्।

बिहीबार प्रधानमन्त्री केपी शर्मा ओलीको आह्वानमा प्रमुख तीन दलका शीर्ष नेताहरुको बैठक बसेको थियो। प्रधानमन्त्री निवास बालुवाटारमा बसेको बैठकमा प्रधानमन्त्री ओली सहित नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड सहभागी थिए।

प्रधानमन्त्री ओलीसँग माओवादी केन्द्रका अध्यक्ष प्रचण्डबीच करिब आधा घण्टा छलफल भएको थियो। त्यसपछि उक्त बैठकमा कांग्रेस सभापति देउवा सहभागी भएका थिए।

प्रधानमन्त्री ओलीको सचिवालयलका अनुसार संवैधानिक परिषद बैठक अगाडि तीन नेताबीच समझदारी जुटाउने प्रयास भएको हो।

प्रमुख तीन शीर्ष नेताहरूबीचको राजनीतिक भेटमा प्रमुख प्रतिपक्ष दल माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले संवैधानिक निकायका सबै रिक्त पदमा सिफारिस गर्नुपर्ने सुझाव व्यक्त थिए।

प्रचण्डले संवैधानिक निकायमा सम्भव हुन्छ भने शुक्रबार बस्ने बैठकमा सबै रिक्त पदमा सिफारिस गर्नुपर्ने, नभए पुनः अर्को सहमति गरेर चाँडै सबै रिक्त पदमा सिफारिस गर्नुपर्ने धारणा व्यक्त गरेका थिए।

राजनीतिक सहमतिका लागि बुधबार साँझ ५ बजे बस्ने तय भएको संवैधानिक परिषद्को बैठक शुक्रबारका लागि सरेको छ। संवैधानिक परिषदमा प्रधानमन्त्री, प्रमुख प्रतिपक्ष दलको नेता, सभामुख, उपसभामुख, राष्ट्रियसभा अध्यक्ष र सर्वोच्च अदालतका प्रधानन्ययाधीश सदस्य रहन्छन्। संवैधानिक निकायहरूका सदस्यहरूको नियुक्ति सिफारिस यही परिषद्ले गर्छ। उक्त सिफारिसउपर संसदीय सुनुवाइ हुन्छ। संसदीय सुनुवाइ समितिबाट अनुमोदन भएपछि नियुक्त हुने संवैधानिक व्यवस्था छ। नेपालको संविधानको धारा २९२ को उपधारा (२) मा पृष्ठ २ मा

# संसदमा निरर्थक बहस

नागरिकको जीवनमा तत्काल असर पर्ने विषयभन्दा पर गएर एउटा राजनीतिक आन्दोलनलाई हेर्ने दृष्टिकोणलाई लिएर पछिल्लो समयमा प्रतिनिधि सभाको बैठक प्रभावित भइराखेको छ ।

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, २७ भदौ ।

बुधबार प्रतिनिधि सभाको बैठक कार्यसूचीमा प्रवेश नै गर्न सकेन। कारण - २०५२ सालदेखि नेकपा माओवादी केन्द्रले गरेको सशस्त्र विद्रोहलाई हेर्ने दृष्टिकोणमा सरकारको नेतृत्वकर्ता दल नेकपा एमाले र नेकपा माओवादी केन्द्रका सांसदहरूको फरक/फरक तर्क छ।

गत भदौ १२ गते नेकपा एमालेका सांसद योगेश भट्टराईले 'माओवादी हिंसा' शब्द प्रयोग गरेका थिए। माओवादी हिंसा नभएको भए नेपालमा छिट्टै लोडसेडिङ अन्त्य हुने बताएका थिए।

त्यसपछि माओवादी केन्द्रका सांसदहरूले नियमापत्ति गरे। संविधानमा माओवादी आन्दोलनलाई सशस्त्र युद्ध लेखिएको भन्दै भट्टराईले बोलेको ' माओवादी हिंसा' भन्ने शब्द रेकर्डबाट हटाउन माग गरेका थिए। त्यसपछि सभामुख देवराज घिमिरेले अध्ययन गर्न संसद सचिवालयलाई निर्देश गरेका थिए।




बुधबार सभामुख घिमिरेले एमालेका सांसद भट्टराईले बोलेको हिंसा शब्द रेकर्डबाट नहटाउने निर्णय सुनाए। त्यसपछि माओवादी केन्द्रले संसद अवरोध गऱ्यो।

सभामुखको निर्णयपछि माओवादी प्रमुख सचेतक हितराज पाण्डेले सभामुखको निर्णय गलत भएको बताएका थिए। त्यसपछि सभामुखले एमाले नेता रघुजी पन्तलाई बोल्न दिए।

पन्तले बोलेपछि पुनः माओवादी सांसद माधव सापकोटाले बोल्न समय मागेका थिए। सभामुखले यस विषयमा वादविवाद नगरौं भन्दै बोल्न नदिएपछि माओवादी सांसदहरु सिटबाट उठेर संसद अवरोध गरेका हुन्।

माओवादी सांसदहरुले अवरोध जारी राखेपछि सभामुख घिमिरेले माओवादी सचिवसमेत रहेका सांसद देवेन्द्र पौडेललाई बोल्न समय दिए। पौडेलले विगतलाई बल्झाएर शान्ति प्रक्रिया बिथोल्न खोजेको भन्दै आपत्ति जनाए। संविधानसँग प्रतिकूल हुने शब्दले विगतमा भएको राजनीतिक पृष्ठ २ मा

# भारतीय नेता येचुरीको निधन




**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ भदौ ।

भारतीय कम्युनिष्ट पार्टी (माक्र्सवादी) का महासचिव सीताराम येचुरीको निधन भएको छ।

नेपाल मामलामा जानकार र नेपालसँग नजिक रहेका माक्र्सवादीका महासचिव येचुरीको निमोनियाका कारण निधन भएको हो। निमोनियाका कारण उनलाई अगस्ट १९ मा दिल्लीको एम्समा भर्ना गरिएको थियो। उनलाई पहिला आपत्कालीन वार्डमा भर्ना गरिएको थियो र फेरि गहन चिकित्सा एकाइ (आइसियु)मा स्थानान्तरण गरिएको थियो। सीपीआई (एम)का नेता हन्नान मोल्लाका अनुसार येचुरी लोकतन्त्र, धर्मनिरपेक्षता, एकता र पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# प्रमाणबिनाका उजुरी नलिन विभागलाई एशोसिएसनको ध्यानाकर्षण

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ भदौ

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले बिनाआधार र बिनाप्रमाणका उजुरीहरू दर्ता नगर्न वैदेशिक रोजगार विभागका महानिर्देशक सूर्यबहादुर खत्रीको ध्यानाकर्षण गराएको छ।

एशोसिएसनको तर्फबाट बिहीबार बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्ने क्रममा उक्त माग गरिएको एशोसिएसनका महासचिव महेश कुमार बस्नेतले मध्यान्हलाई बताए। जवाफमा महानिर्देशक खत्रीले वैदेशिक रोजगार प्रशासनलाई सुधार गर्न आफूले वैदेशिक रोजगार व्यवसायीसँग हातेमालो गर्ने भएकाले बिनाआधारका उजुरी दर्ता र



व्यवसायीलाई हैरानी हुने वातावरण बन्न नदिने आश्वासन दिएका छन्।

महासचिव बस्नेतले पछिल्लो समयमा विभिन्न व्यक्ति तथा संस्थाका नाममा बिनाआधार र बिना प्रमाणका उजुरीहरू दर्ता गर्ने गरिएकाले व्यवसायीहरु माझ गम्भीर चिन्ता उत्पन्न गराएको भन्दै व्यवसायीहरूको हित, संरक्षण र उनीहरूको अधिकारलाई कदर गर्न पनि महानिर्देशक खत्रीको गम्भीर ध्यानाकर्षण गराएको जानकारी दिए।

नेपालको आर्थिक समृद्धिमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका वैदेशिक रोजगार व्यवसायीहरूलाई आवश्यक नीतिगत सहजीकरण र कानूनी संरक्षण प्रदान गर्नु अतिआवश्यक पृष्ठ २ मा

## नेपालले अलमल गरिरहेका बेला इजरायलले भारतबाट १५ हजार कामदार लैजाँदै

**काठमाडौं/मस-** नेपालले कामदार पठाउन अलमल गरिरहेका बेला इजरायली सरकारले भारतबाट १५ हजार कामदार लैजाने तयारी थालेको छ। दुई देशबीचको सम्झौताको एक भागको रूपमा इजरायलले भारतबाट १० हजार कन्स्ट्रक्शन वर्कर तथा ५ हजार केयर गिभर लैजाने तयारी गरेको भारतीय राष्ट्रिय सीप विकास निगमले बताएको छ। पृष्ठ २ मा


**युएईमा रोजगार**

कम्पनी: SOBHA CONSTRUCTION L.L.C शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०५/२७ चलानी नं.: ६०२२५२७५ LT. No.: 310775

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bricklayer | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 50 | 0 | | 1200 | ४३,८०० | | | | | | | |
| 3. | Plumber | 50 | 0 | | 1200 | ४३,८०० | | | | | | | |
| 4. | Scaffolder | 50 | 0 | | 1200 | ४३,८०० | | | | | | | |

कम्पनी: CHINA NATIONAL CHEMICAL ENGINEERING & CONSTRUCTION CORPORATION SEVEN MIDDLE EAST
पूर्व स्वीकृत मितिः २०८१/०५/२७ चलानी नं.: ६०२२५२७७ LT. No.: 310776 शहर: UAE

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason | 50 | 0 | | 1200 | ४३,८०० | | | | | | | |
| 3. | Scaffolder | 50 | 0 | | 1200 | ४३,८०० | | | | | | | |
| 4. | Steal Fixer | 50 | 0 | | 1200 | ४३,८०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज ४ गते (20 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदार्लाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.

ISO 9001 : 2015

Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

मध्यान्ह
www.madhyanhadaily.com
२८ भदौ २०८१, शुक्रबार
13 September 2024, Friday

# विवादास्पद अभिव्यक्ति दिएको भन्दै मेटमणि चौधरीलाई स्पष्टीकरण

**काठमाडौं /मस**–नेकपा एकीकृत समाजवादीले पार्टीका उपमहासचिव मेटमणि चौधरीसँग स्पष्टीकरण सोधेको छ। महासचिव घनश्याम भुसालले चौधरीलाई तीन दिनभित्र लिखित स्पष्टीकरण बुझाउन पत्र पठाएका हुन् । संघीय सांसद पार्टीका प्रमुख सचेतक समेत रहेका चौधरीले एक टेलिभिजन अन्तर्वार्तामा नेपालको भौगोलिक अखण्डताबारे बोलेको थिए ।



'लिपुलेक र कालापानीमाथि इण्डियाले आफ्नो दाबी प्रस्तुत गरेको छ। मलाई लाग्छ दाबी पुग्छ उसको, दाबी पुग्छ, भारतले लिन पाउँछ,' कालापानी र लिपुलेक भारतको हो नि' भन्नुभएको रहेछ,' स्पष्टीकरण पत्रमा भनिएको छ ।

चौधरीको अभिव्यक्ति मुलुकको अखण्डता र सार्वभौमिकताविरुद्ध भएकाले तीन दिनभित्र लिखित जवाफ पेश गर्न निर्देशन दिइएको छ।

चौधरीको उक्त अभिव्यक्ति दिएपछि सामाजिक सञ्जालमा आफ्नै पार्टीका कार्यकर्ताहरूले आपत्ति जनाएका छन्। पार्टीका शीर्ष नेताहरूलाई यस्ता विषयमा गम्भीर बन्न नेता कार्यकर्ताहरूलाई सचेत गराउन भन्दै टिप्पणी गरेका छन् । चौधरीको विवादास्पद अभिव्यक्तिपछि कार्यकर्ता आक्रोशित हुँदै कारबाहीको माग समेत गरेका छन् ।

## संवैधानिक ...

यससम्बन्धी व्यवस्था छ । यसअनुसार संवैधानिक परिषदको सिफारिसमा नियुक्त हुने प्रधान न्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषदका सदस्य, संवैधानिक निकायको प्रमुख वा पदाधिकारी र राजदूतको पदमा नियुक्ति हुनु संसदीय सुनुवाइ हुन्छ । संवैधानिक व्यवस्था अनुसार संसदीय सुनुवाइ समितिमा प्रतिनिधि सभाका १२ जना सदस्य र राष्ट्रिय सभाका तीन जना माननीय सदस्य रहन्छन् । संवैधानिक परिषद र सरकारले सार्वजनिक महत्वका पदमा नियुक्तिका लागि प्रस्ताव गरेका व्यक्तिहरु तथा पदाधिकारीहरुको दक्षता, क्षमता र इमान्दारिता परीक्षण गर्ने सुनुवाइ समितिको कार्य हो । सुनुवाइ समितिले अनुपयुक्त लागे दुइ तिहाइ बहुमतले सिफारिस अस्वीकार गर्न सक्छ । यसअनुसार हुने प्रधानन्यायाधीश, न्यायाधीश र संवैधानिक निकायका निकायका प्रमुख एवं पदाधिकारीहरूमा रहेको रिक्तता पुर्ति गर्नु अगाडि संवैधानिक परिषदका अध्यक्ष प्रधानमन्त्री ओलीले प्रमुख राजनीतिक दलकाबीचमा सहमति खोजेका हुन् । त्यसमा प्रमुख तीन दलका तीन नेता सहमत भएका हुन्। राजनीतिक भागवण्डा मिलेकाले रिक्त पदहरूमा सिफारिस गर्ने तयारी रहेको नेताहरू बताउँछन् ।

## संसदमा...

आन्दोलनको अवहेलना हुने उनको भनाइ छ ।

त्यसपछि सभामुखले पुन: माओवादी प्रमुख सचेतक हितराज पाण्डेलाई बोल्न समय दिए । उनले सभामुख र संसद सचिवालयले योगेश भट्टराईको भाषणबाट हिंसा शब्द नमेटाउने निर्णय पूर्वाग्रही रहेको बताए।त्यसपछि सभामुखले एमाले सांसद महेश बर्तौलालाई समय दिए । उनले सभामुखले गरेको निर्णय सबैले मान्नुपर्ने बताए। तर माओवादी सांसदहरुले संसद अवरोध जारी राखे । माओवादी सांसदहरुले अवरोध जारी राखेपछि सभामुख घिमिरेले ३० भदौसम्मका लागि बैठक स्थगित गरे ।

यसअघि एमाले र माओवादी केन्द्र सरकारमा सँगै थिए । विगतमा यी दल मिलेर नेपाल कम्युनिस्ट पार्टी समेत बनेको थियो । यसबीचमा सरकारले माओवादीले सशस्त्र युद्ध शुरु गरेको दिन सार्वजनिक बिदा दिने निर्णय समेत गरेको थियो। तर, त्यस्तो सार्वजनिक बिदाको निर्णय भने सर्वोच्च अदालतबाट बदर भएको छ। यी कार्यमा एमाले र माओवादी कैयनपटक सरकारमा सँगै थिए। सरकारमा सँगै हुँदा नरम र प्रतिपक्षमा हुँदा गरम हुने प्रवृत्तिकाबीच माओवादी आन्दोलनलाई हेर्ने दृष्टिकोणलाई लिएर दुई दलबीच पछिल्लो समय वादविवाद भएको छ।

यसकै निरन्तरतामा नागरिकको जीवनमा तत्काल असर पर्ने विषय भन्दा पर गएर पछिल्लो समय उक्त राजनीतिक आन्दोलनलाई हेर्ने दृष्टिकोणलाई लिएर प्रतिनिधि सभाको बैठक प्रभावित भइराखेको हो ।

## नेपालसँग...

मुलुकको एकताबद्ध प्रगतिको पक्षमा बलियो आवाज थिए ।

३२ वर्षसम्म सिपिएम पोलिटब्युरोमा रहेका र सन् २०१५ देखि पार्टीको महासचिवका रूपमा काम गर्दै आएका येचुरी प्रमुख भारतीय राजनीतिज्ञ थिए।

यसबाहेक उनले सन् २००५ देखि सन् २०१७ सम्म भारतीय संसद्को माथिल्लो सदन राज्यसभामा पश्चिम बंगालको प्रतिनिधित्व गरेका थिए ।

७२ वर्षीय येचुरीको बिहीबार दिउँसो निधन भएको हो । परिवारले उनको शरीर शिक्षण र अनुसन्धान उद्देश्यका लागि एम्स, नयाँदिल्लीलाई दान गरेको छ ।

भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी)ले आफ्नो महासचिव येचुरीको निधनमा श्रद्धाञ्जली अर्पण गर्दै दिल्लीस्थित आफ्नो पार्टीको झन्डा आधा झुकाएर शोक व्यक्त गरेको छ ।

लोकसभामा विपक्षी नेता तथा कांग्रेस नेता राहुल गान्धीले बिहीबार येचुरीको निधनप्रति दु:ख व्यक्त गरे । सामाजिक सञ्जाल प्लेटफर्म एक्समा येचुरीसँगको तस्बिर सेयर गर्दै उनले भनेका छन्, 'सीताराम येचुरीजी साथी हुनुहुन्थ्यो, हाम्रो मुलुकलाई गहिर ोसँग बुझ्ने भारतको विचारको संरक्षक । दु:खको यस घडीमा उहाँको परिवार, इष्टमित्र र अनुयायीहरूप्रति मेरो गहिरो समवेदना ।'

रणनितिक सोच र वक्तृत्वले येचुरी भारतीय वामपन्थी राजनीतिमा प्रभावशाली नेताका रुपमा थिए । सन् २०१६ मा राज्यसभामा उत्कृष्ट सांसदको अवार्ड पाएका उनले सदनमा नागरिकका मुद्दा सशक्त ढंगले उठाएका थिए । राजनीतिक जिम्मेवारीका अलावा प्रसिद्ध स्तम्भकार, अर्थशास्त्री र सामाजिक कार्यकर्ताको रूपमा परिचित थिए। यचुरीको नेतृत्वमा भारतीय कम्युनिष्ट पार्टीले चुनावी पराजय र आन्तरिक द्वन्द्व लगायत धेरै चुनौतीपूर्ण समयको समेत सामना गर्‍यो । यी चुनौतीका बाबजुद पनि उनी पार्टीको सिद्धान्त र लक्ष्यप्रति प्रतिबद्ध रहँदै आएको बताइन्त । व्यापाक आलोचनाका बीचमा पनि उनको वैचारिक प्रतिबद्धतालाई लिएर पक्ष र विपक्ष दुवै पक्षले उनलाई सम्मान गर्दथे ।

## प्रमाणबिनाका...

रहेको भन्दै एशोसिएसनले बिनाआधार र प्रमाणका उजुरीहरू दर्ता गरिँदा गलत नियत भएका अनधिकृत व्यक्तिहरुले त्यसलाई व्यक्तिगत लाभका लागि दुरुपयोग गरी वास्तविक समस्यामा रहने श्रमिक तथा पीडितहरूको न्याय नपाउने अवस्था उत्पन्न हुने बताएको छ। महानिर्देशक खत्रीलाई दिएको पत्रमा एशोसिएसनले विभागमा पछिल्ला दिनमा केहि सञ्चारकर्मी, सामाजिक अभियन्ता वा अन्य तेस्रो पक्षका नातेदारका नाममा विभागमा प्रवेश गरेर उजुरी दर्ता गरिरहेको गुनासो बढेको बताएको छ।

चाडपर्व नजिकिँदै गर्दा त्यस्ता उजुरीहरू बढ्ने र व्यवसायीहरूलाई मानसिक तनावका साथै आर्थिक नोक्सानी पनि पुर्‍याइरहेको एशोसिएसनको भनाइ छ । त्यस्ता समस्यालाई रोक्न अनधिकृत व्यक्तिहरुको पहिचान गर्न परिचय पत्र, पीडितहरुसँगको सम्बन्ध एकिन तथा अनिवार्य गर्नुपर्ने भन्दै एशोसिएसनले उजुरी दर्ता गर्नुअघि अनिवार्यरूपमा मेलमिलापको प्रक्रियालाई अघि बढाउन आग्रह गरेको छ ।

बिनाप्रमाण उजुरी दर्ता गर्दा विशेषगरी व्यक्तिगत लेनदेन र अन्य विभिन्न प्रकारका कारोबारलाई समेत वैदेशिक रोजगारीको आवरण दिने गरिएको भन्दै एशोसिएसनले इजाजतवाला संस्थाहरुका विरुद्धमा उजुरीहरू दर्ता गर्नुअघि प्रमाणको आधार अनिवार्य बनाउन सकिएमात्रै वैदेशिक रोजगारका सन्दर्भमा श्रमिकहरुको वास्तविक समस्याको निष्पक्ष समाधानलाई सुनिश्चित गर्न र व्यवसायीहरुलाई समेत कानूनी सुरक्षा प्रदान गर्न मद्दत पुर्‍याउने बताएको छ ।

त्यस्तै एशोसिएसनले अनधिकृत व्यक्तिहरूको प्रवेशमा रोक लगाउन र जुनसुकै प्रकारको उजुरी दर्ता गर्नका लागि परिचय पत्र अनिवार्य बनाउन पनि माग गरेको छ । एशोसिएसनका उपाध्यक्ष विनोदजंग केसीको नेतृत्वमा गएको व्यवसायी टोलीमा एशोसिएसन कार्यसमिति पदाधिकारी तथा सदस्य र नेपाल वैदेशिक रोजगार व्यवसायी संघका सचिव कर्णराज कटुवाललगायतको सहभागिता रहेको थियो ।

## नेपालले...

यसअघि इजरायलले १० हजार भारतीय कृषि मजदुर लगिसकेको छ । गत अक्टोबरमा गाजामा इजरायलको युद्ध शुरु भएपछि वर्क परमिट रद्द गरिएका प्यालेस्टिनीहरूलाई बदल्न उनीहरूलाई भर्ती गरिएको थियो । इजरायलले कामका लागि अयोग्य भएका करिब ९० हजार प्यालेस्टिनीहरूलाई प्रतिस्थापन गर्न नेपाल तथा भारतसहितका देशबाट कामदार लैजान खोजिरहेको छ ।

यसअघि उत्तर प्रदेश, हरियाणा र तेलंगानाका १० हजार कामदार पठाएको भारतले यसपटक महाराष्ट्रबाट पठाउने बताएको छ । इजरायलले फ्रेम वर्क, फलाम बेन्डिङ, प्लास्टरिङ र सिरेमिक टाइलिङमा भारतीय कामदार प्रयोग गर्ने बताएको छ । विदेशी कामदार ल्याउन तीव्रता दिएको इजरायलले अर्को हप्ता उच्चस्तरीय टोली भारत पठाउँदै छ ।

इजरायलको जनसंख्या तथा अध्यागमन प्राधिकरण (पिवा)ले गोलाप्रथामार्फत २ हजार २ सय ४ जना नेपाली कामदार छनोट गरिसके पनि नेपालमा भने नक्कली कागजात झमेला थपिएको छ ।

उता कोरियामा पानीजहाज निर्माण क्षेत्र (सिप बिल्डिङ)का लागि भाषा परीक्षा पास भएका नेपालीहरूले आफूहरुलाई छिटो कोरिया पठाइदिन आग्रह गरेका छन् । गत वर्ष पानीजहाज निर्माण क्षेत्रमा जान करिब ४ हजार नेपालीले कोरियाली भाषा परीक्षा पास गरेका थिए। अहिलेसम्म १ सय ३७ जनामात्रै कोरिया गएका छन् ।


**साउदीमा रोजगार** कम्पनी: ROUND COMPANY COFFEE FOR SERVING DRINKS शहर: Saudi Arabia

पूर्व स्वीकृत मितिः २०८१/०५/२७ चलानी नं.: ६०२२५२६८ LT. No.:310685

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Provider | 2 | 0 | स. काममा दक्ष | 1200 | ४२,८७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: RAKEEZ CAR AUTO SERVICES EST शहर: Saudi Arabia

पूर्व स्वीकृत मितिः २०८१/०५/२७ चलानी नं.: ६०२२५२६७ LT. No.:310684

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Cleaning Labour | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज ४ गते (20 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SKY BLUE H.R. SOLUTION PVT.LTD
Govt. Lic. No. 1664/080/081
Sinamangal - 09, Gairigaun, Kathmandu, Nepal
Email: skybluehrsolutionspvtltd@gmail.com Web: www.skybluehr.com
Con.: 01- 14593566 | 9802358960 | 9802358961 | 9802358965



**साउदीमा रोजगार** | कम्पनी: AL DHABYAN CONTRACTING ESTABLISHMENT शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०८१/०५/२६ चलानी नं.: ६०२२५१५९ LT. No.: 310633

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Public Drivers (Light Drivers) | 2 | 0 | | 1300 | ४६,४४९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असोज ४ गते (20 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

डाइनामिक ग्लोबल एच. आर. प्रा.लि
(श्रम इजाजत नं. ७३१/०६४/०६५)
टोखा-०५, बसुन्धरा, काठमाडौं, नेपाल,
फोन: 01-014985960,986-0351595. E-mail : dynamicglobalhr2014@gmail.com



**Gurans Rural Municipality**
**Office of Rural Municipal Executive**
Ranimatta, Dailekh
Karnali province, Nepal

**INVITATION FOR BIDSII**

(First Date of publication: - 2081.05.28 B.S.)

1. Gurans Rural Municipality Office invites electronic bids from eligible bidders for the following projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the Gurans Rural Municipality, Ranimatta, Dailekh Phone N0: 9858020144 & PPMO website.

| Contract No. | Name Of Work | Bid document fee (Non-refundable) | Estimated Amount (Including VAT) | Bid Security, |
|---|---|---|---|---|
| GRM/WORKS/ NCB/01/081/082 | Construction of Shanti Ma. Vi. School & Toilet Building , Gurans-07, (Lalikanda) Dailekh | NRs. 3000/- | NRs. 1,32,92,609.01 | NRs. 3,32,350.00 |

Chief Administrative Officer



**UAE मा रोजगार** कम्पनी: A G FACILITIES SOLUTIONS FOR BUILDING MAINTENANCE LLC शहर: UAE

पूर्व स्वीकृत मितिः २०८१/०५/२७ चलानी नं.: ६०२२५२६२ LT. No.: 310648

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 100 | 0 | सम्बन्धित काममा दक्ष | 950 | ३४,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Female Cleaner | 0 | 50 | | 1000 | ३६,५०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज ४ गते (20 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

JOB CONNECT PVT. LTD
श्रम इजाजत नं. १६७२/०८०/०८१
Dhumbarahi 04, Kathmandu, Nepal. Phone No: 4547330
E-mail:info@jobconnect.com.np, Website: www.jobconnect.com.np



**साउदीमा रोजगारको अवसर** | कम्पनी: AL AZMAN MODERN CONTRACTING COMPANY शहर: Riyadh

पूर्व स्वीकृत मितिः २०८१/०५/२६ चलानी नं.: ६०२२५२३८ LT. No.:310559

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज ४ गते (20 Sepetember 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Excellent Manpower Services Pvt. Ltd. Gov. Lic No. 1328/074/075
Sinamangal-9, Airport, Kathmandu, Tel: 4485517, 6924454
Email: excellentmanpower1328@gmail.com



**OMAN मा रोजगारको अवसर** Salwa Beauty & Spa Center

पुर्व स्वीकृती मिति: २०८१/०५/२६ चलानी नं. : ६०२२५२३१ LT No.: 310644

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | BEAUTICIAN / GENERAL NEAUTICIAN / HAIR DRESSER | 0 | 1 | काममा दक्ष | 170 | ५९,४८०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | रु. १०,०००।- कामदार आफैले |

अन्तरवार्ता २०८१ असोज ४ गते (20 Sep.,2024) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौमा हुनेछ ।

Gulf Star Overseas Pvt. Ltd. "Your Career Partner"
Lic. No.: 1011/068/069
Samakhushi-10, Kathmandu, Tel.: 01-4970001|4970002|4970003
Email: gulfstar1011@gmail.com URL:gulfstaroverseas.com



**Purchaudi Municipality**
**Office of Municipal Executive**
Hat, Baitadi
SudurpaschimProvince, Nepal

**Invitation for sealed quotation**

Date of publication: 2081/05/28(13 Sept 2024)

1. Purchaudi Municipality Hat, Baitadi invites electronic or e-bids from eligible bidders for the following goods under sealed quotation Bidding Procedures.

| S. N. | Contract No. | Description of Works | Estimated Amount (Including With Vat) NRs. | Bid Security Amount (NRs.) | Cost of Bidding Documents (NRs.) | Bid validity period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | PNP/BTD/SQ/ Goods/01/2081/082 | Procurement of Supply and Delivery of Required Essential Medicine Purchaudi Hat, Baitadi | 4,401,592.41 | 1,24,000.00 | 1,000.00 | 45 days | - |

2. Only Electronics bidding through PPMO's Website www.bolpatra.gov.np./egp, is permitted and bid Shall be Submitted on or before 12:00 pm on 2081/06/14 (30 Sept, 2024) and bid Shall be opened on the same date at 2:00 pm . Eligible Bidder may Obtained Further information from www.Purchaudimun.gov.np or may Visit PPMO website www.bolpatra.gov.np./egp. Bidder should deposits the cost of bidding document in the project account as specified below.
3. Bid security shall be valid for 30 days beyond the validity period of the bid.
4. Information to deposit the cost of bidding document in Bank:
Name of the Bank: Global IME Bank Limited, Purchaudi Branch, Baitadi
Name of Office: Purchaudi Municipality, Hat, Baitadi
Office Account No.: Ga-1-1-12404010000015 (AntarikRajashwaKhata) for Deposit Bid Document fee
Office Account No.: Ga-3-1-12404010000005 (DharautiKhata) For Bid Security Fee
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. In the case of discrepancies or error in bid documents, bid notice or any other documents, Purchaudi Municipality, Hat, Baitadi reserves the right to amend and correct at any time.
7. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without.

Chief Administrative Officer

# स्पेनका लागि प्रस्तावित राजदूत नेपालले ल्याए चार नवीन अवधारणा

**काठमाडौं/मस**-स्पेनका लागि प्रस्तावित नेपाली राजदूत शनिल नेपालले चार नवीन अवधारणा प्रस्तुत गरेका छन् । संसदीय सुनुवाइ समितिमा बिहीबार उनले स्वदेशमै बसेर वैदेशिक रोजगारी, स्वयंसेवक पर्यटक, समुन्द्रदेखि सगरमाथासम्म र टिम युरोपको अवधारणा प्रस्तुत गरेका हुन् ।

उनले पेश गरेको १६ पृष्ठ लामो कार्य योजनामा उल्लेखित यी चार अवधारणाको सांसदहरुले प्रशंसा गर्दै रुची र कौतुहलताका साथ थप प्रष्ट पार्न आग्रह गरेका थिए ।

सांसदहरु प्रकाश अधिकारी, महेश बर्तौला, डिपी अर्याल, भगवती न्यौपाने लगायतले युवा कूटनीतिज्ञ शनिलका नयाँ-नयाँ अवधारणाको खुलेर प्रशंसा गर्दै कार्यान्वयनमा सफलताका लागि शुभकामना दिए ।

सांसद बर्तौलाले भनेका थिए, 'युवा कूटनीतिज्ञको रुपमा उदाउँदै गरेका नेपालले पेश गरेका योजनाहरु पुराना र अनुभवीका भन्दा धेरै राम्रो लाग्यो, अहिलेसम्म पेश भएका कार्ययोजनाहरुमध्ये यो कार्ययोजना उत्कृष्ट तीन भित्रमा पर्दछ ।'

सांसद अधिकारीले नयाँ-नयाँ अवधारणाहरु पेश गरेकोमा खुशी व्यक्त गर्दै ती अवधारणाहरुबारे थप प्रष्ट पार्न आग्रह गरेका थिए ।



सांसदहरुको आग्रहपछि प्रस्तावित राजदूत नेपालले युरोपियन युनियनका मुलुकहरुमा रहेका नेपाली राजदूतहरुको संयुक्त पहलमा साझा उद्देश्य प्राप्तिका लागि निरन्तर सामुहिक प्रयास गर्न टिम युरोपको अवधारणा ल्याइएको जानकारी दिए ।

'कतिपय विषयमा एक्लाएक्लै काम गर्दा नतिजा नआउन सक्छ, तर सबैले संयुक्त पहल गर्दा प्रभावकारी हुनसक्छ भन्ने ठानेर यो अवधारणा ल्याएको हुँ,' उनले सुनुवाइका क्रममा भने ।

उनले पेश गरेको 'देशमै बसेर वैदेशिक रोजगारी' भन्ने अर्को नयाँ अवधारणाप्रति पनि सांसदहरुको चासो र रुची देखिएको थियो । सूचना प्रविधि क्षेत्रमा नेपालको बढ्दो सम्भावना देखिँदै गएकाले नेपालीलाई नेपालमै बसेर अनलाइनबाट गर्न मिल्ने विदेशको कामहरु उपलब्ध गराउन स्पेनका व्यावसायीहरुसँग समन्वय गर्ने अवधारणा बनाएको उनको भनाइ छ ।

नेपालमा आइटीको राम्रो सम्भावना रहेको कुरा उजागर गर्दै सूचना प्रविधिको क्षेत्रमा काम गर्ने स्पेनका उद्यमी र लगानीकर्ताहरुलाई नेपालमा लगानी र नेपालीलाई नेपालमै बसेर गर्न मिल्ने काम दिन प्रोत्साहित गर्ने पनि उनले कार्ययोजनामा समावेश गरेका छन् ।

प्रस्तावित राजदूत नेपालले 'समुद्रदेखि सगरमाथासम्म' भन्ने अभियान सञ्चालन गर्दै वर्षेनी हजारौंको संख्यामा पर्यटकहरु नेपालसम्म ल्याउन र नेपालका हिमशिखरहरुको प्रचार-प्रसार गर्ने योजना पनि प्रस्तुत गरेका थिए । उनले पेश गरेको चौथो नवीन अवधारणामा 'स्वयंसेवी पर्यटन' रहेको छ । स्पेनका विद्यालय तथा विश्वविद्यालय र शैक्षिक संस्थाहरुबाट विदा मनाउन र स्थलगत अध्ययनका लागि विद्यार्थीहरुलाई स्वयंसेवकको रुपमा नेपाल ल्याउने उनको अवधारणा छ ।

विदेशी विद्यार्थीहरु नेपालमा आएर निश्चित समयसम्म स्वयं सेवा गर्न वा अध्ययन विदा मनाउन रुची राख्ने भएकाले यसको सम्भावना अत्यन्त धेरै रहेको उनको भनाइ छ ।

यसअघि पोर्चुगलका लागि सिफारिस भइ नियुक्त समेत भएका पूर्वराजदूत नेपाल सत्ता गठबन्धन भएपछि फिर्ता बोलाइएका थिए । पोर्चुगलका लागि पनि अति राम्रो कार्ययोजना प्रस्तुत गरेको भनेर प्रशंसा पाएका शनिलले अहिले पनि नयाँ-नयाँ अवधारणा पेश गरेर आफूलाई फरक पहिचान दिलाउन सफल भएका छन् ।

# नेपाल मानव धर्म सेवा समितिद्वारा विद्यार्थीलाई शैक्षिक सामग्री वितरण

**काठमाडौं/मस**- 'ज्ञान विज्ञानसँगैको मौलिकता, लक्ष्य हाम्रो शिक्षित बालबालिका' भन्ने मूल नाराका साथ नेपाल मानव धर्म सेवा समितिले राष्ट्रव्यापी शिक्षा अभियानअन्तर्गत शैक्षिक सामग्री वितरण कार्यक्रम-२०८१ सम्पन्न गरेको छ ।

अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसर पारेर शुरु गरिएको अभियानअन्तर्गत समितिले देशका विभिन्न स्थानका ५ हजार बढी विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेको छ । समितिले ४६ विद्यालयका आर्थिक विपन्नता भएका देशभरिका ५ हजार ८० विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेको हो ।

शिक्षा पाउनबाट कुनै पनि बालबालिका बञ्चित हुन नपरोस् भन्ने उद्देश्यले शैक्षिक सामग्री वितरण गरिएको समितिकी केन्द्र प्रमुख महात्मा चमेली वाईजीले बताइन् । शहरी क्षेत्रमा रहेका



विद्यार्थीहरूबाट शैक्षिक सामग्री संकलन गरी दुर्गम क्षेत्रमा रहेका बालबालिकाहरूलाई वितरण गरिएको समितिका केन्द्रीय संगठन उपसचिव सन्तोष पराजुलीले बताए । पराजुलीका अनुसार शहरमा भएका बालबालिकाहरूले शैक्षिक सामग्रीको अभावमा पढाइ छोड्नुपर्ने बाध्यता छैन, तर दुर्गम क्षेत्रका कतिपय बालबालिकाहरू शैक्षिक सामग्री अभावकै कारण पढाइ छोड्न बाध्य छन् । उनीहरु चाहेअनुसार आफ्नो पढाइलाई अगाडि बढाउन सकिरहेका छैनन् । सोही अभाव पूरा गर्न समितिले शैक्षिक सामग्री वितरण गरिरहेको उनको भनाइ थियो ।

उनीहरूको पढाइमा सहयोगी हातहरूको कमी छैन भन्ने सन्देश दिन बालबालिकाहरूलाई शैक्षिक सामग्री वितरण गरिएको पनि समितिअन्तर्गत रहेको युवा संगठनका राष्ट्रिय संयोजक राजिव पौडेलले बताए । समितिले सन् २०१४ देखि नियमितरुपमा विभिन्न अवसर पारेर बालबालिकाहरूलाई शैक्षिक सामग्री वितरण गर्दै आएको छ ।

# स्वास्थ्य क्षेत्रको स्वमूल्यांकनमा त्रिपुरासुन्दरी पहिलो

**पुर्ण कुमार/मध्यान्ह**
डोल्पा, २७ भदौ

जिल्ला स्वास्थ्य सेवा कार्यालय डोल्पाको आयोजनामा आर्थिक वर्ष २०८०/०८१मा सम्पादित स्वास्थ्य कार्यक्रमहरुको वार्षिक समीक्षा तथा योजना तर्जुमा सम्बन्धी दुई दिने गोष्ठी डोल्पाको दुनैमा सम्पन्न भएको छ ।

वार्षिक समीक्षा तथा योजना तर्जुमा गोष्ठीमा जिल्ला आठ पालिकाका स्वास्थ्य शाखाहरुको स्वमूल्यांकनमा त्रिपुरासुन्दरी नगरपालिकाको स्वास्थ्य शाखा उत्कृष्ठ बनेको छ । त्रिपुरासुन्दरी नगरपालिका स्वास्थ्य शाखाले विगतका कमीकमजोरीलाई स्वीकारेर अहिले निरन्तर जनताको पक्षमा काम गरी असल स्वास्थ्य सेवा प्रवाहलाई अब्बल बनाउँदै गएको छ । यो बीचमा नगरपालिकाभित्रका स्वास्थ्य चौकीहरु समेत सुधारोन्मुख हुँदै गइरहेको छन्

वार्षिक समीक्षा तथा योजना तर्जुमा गोष्ठीमा स्वास्थ्य संस्थाहरुको वार्षिक कार्यक्रमको स्वमूल्यांकन तथा समीक्षा




स्वास्थ्य सेवा प्रवाह गर्दा आइपरेका समस्या र समाधानका उपाय स्वास्थ्य सेवा र तथ्यांक सुधारका लागि आवश्यक छलफल लगायत प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक मार्गनिर्देशनका साथै आगामी कार्ययोजनामा केन्द्रित रहि विचारविमर्शका साथ छलफल गरिएको थियो ।

विगतको तुलनामा स्वास्थ्य सेवा प्रवाहको अवस्था सुधारोन्मुख रहेको दुर्गम विकट भएकाले इन्टरनेट लगायत नयाँ प्रविधिमैत्री उपकरणको अभाव रहनुका साथै अधिकांश स्वास्थ्य संस्था सेवाग्राहीको लागि अपायक रहेकोले पनि भने अनुरुपको उपलब्धि हात पर्न नसकेको स्वास्थ्यकर्मीको भनाइ थियो । समापन कार्यक्रममा बोल्दै प्रमुख अतिथि तथा जिल्ला समन्वय उपप्रमुख तेजेन्द्र बुढाले समीक्षा कार्यक्रमले विगतका कमिकमजोरी सुधार गर्दै थप सुदृढ बनाउन सहयोग पुग्ने बताए ।

स्वास्थ्य नै धन भएकाले यसलाई नारा दिए सरह सार्थक बनाउनतर्फ सबैको सकरात्मक चिन्तन सोच र विचार आवश्यक पर्ने भएकाले जिल्ला अस्पताल सबैको साझा भएकाले सबै स्थानीय तहले स्वास्थ्य सेवामा बजेट विनियोजन गरी प्राथमिकताका साथ सहयोग गर्नुपर्नेमा उपप्रमुख बुढाले जोड दिए ।

ठुलिभेरीनगरपालिका- ३ वडा दुनैका अध्यक्ष भक्तबहादुर भण्डारीले मिथ्याङ्क नभएर सत्यतथ्यसहितको तथ्यांक ल्याउन सके स्वास्थ्य क्षेत्रको विकासको सुचकमा थप गर्न सकिने बताए ।

कार्यक्रमका अध्यक्ष तथा स्वास्थ्य सेवा कार्यालय डोल्पाका प्रमुख डाक्टर रत्नविर सुनारले डोल्पा जस्तो जोखिमयुक्त क्षेत्रमा रहेर जस्तोसुकै जोखिमलाई छिचोलेर स्वास्थ्य सेवा प्रवाहमा तल्लिन हुनु हुने स्वास्थ्यकर्मी धन्यवादका पात्र भएको बताए ।

# सुत्केरीलाई स्वास्थ्य चौकीमै खानाको व्यवस्था

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २७ भदौ

रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका वडा नम्बर २ मा रहेको पिपल स्वास्थ्य चौकीमा सुत्केरी हुने आमाहरुका लागि स्वास्थ्य चौकीमै खानाको व्यवस्था गरिएको छ । त्यसका लागि वडा कार्यालयले वडाको समपूरक कोषबाट १० हजार रुपैयाँ विनियोजन गरेको वडा अध्यक्ष प्रकाश खत्रीले बताए ।

घरबाट खाना ल्याउनुपर्ने झनझटलाई अन्त्य गर्ने उद्देशले यो कार्य लागू गरिएको वडा अध्यक्ष खत्रीको भनाइ छ । साविकको पिपल गाविसबाट यस स्वास्थ्य चौकीमा महिलाहरु सुत्केरी हुन



आउने गर्छन् ।

आमा र बच्चाको स्वास्थ्यलाई मध्यनजर गर्दै स्वास्थ्य संस्थामा सुत्केरी हुने आमाहरुलाई स्वास्थ्य संस्थामै अनिवार्य २४ घण्टा बस्नुपर्ने स्वास्थ्य मापदण्ड कडाइका साथ लागू गरिने वडा अध्यक्ष खत्रीको भनाइ छ ।

# लागुऔषध गाँजासहित पुजारी पक्राउ

**सत्येन्द्र प्रताप सिंह**
रौतहट, २७ भदौ

रौतहटको देवाही गोनाही नगरपालिका धरहरी गाउँका मठका पुजारी गाँजा बिक्री वितरण गर्दै गर्दा रंगेहात पक्राउ परेका छन् । देवाही गोनाही नगरपालिका क्षेत्रभित्र रहेको रामजानकी मठको पुजारी ११०० ग्राम गाँजासहित पक्राउ परेका हुन् ।

विगत २० वर्षदेखि रामजानकी मठ धरहरीको पुजारी रहेका महन्त सिकिन्द्र यादवले गाँजा बिक्री वितरण गरिरहेको रहस्य बाहिरिएको छ ।

देवाही गोनाही नगरपालिका वडा नम्बर ९ धरहरी गाउँका पुरानो मठ (रामजानकी मठ) को पुजारी भएर युवाहरुलाई कुलतमा फसाइ रहेको सूचना आएपछि देवाही गोनाही इलाका



प्रहरीले उनलाई रंगेहात पक्राउ गरेको हो ।

बुधबार बेलुका ४ बजेको समयमा देवाही गोनाही इलाका प्रहरी कार्यालयका कमाण्डबाट खटिएका टोलीले सुराकीको आधारमा रामजानकी मठको पुजारीले ११०० ग्राम गाँजा तथा ३० वटा गाँजा पुरिया बेच्दै गर्दा प्रहरीले रंगेहात पक्राउ गरेको हो ।

पुजारी यादवलाई पक्राउ गरी इलाका प्रहरी कार्यालय गरुडामा राखिएको छ । पुजारीमाथि लागुऔषध ओसारपसार मुदा दर्ता भएको जिल्ला प्रहरी कार्यालय गौरले जनाएको छ ।

## नि:शुल्क शिविर

# श्रीमान श्रीमतीकै फर्कियो आँखाको ज्योति

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
सन्धिखर्क, २७ भदौ

करिब तीन वर्षपछि आँखाको दृष्टि पुनः स्थापित भएपछि अर्घाखाँचीको शितगंगा नगरपालिका वडा नम्बर ६ निवासी ५५ वर्षीय सुरेन्द्र गेलाङ र दिनकला गेलाङ दंग छन् । उनीहरु श्रीमान श्रीमती हुन् । नि:शुल्क आँखा शल्यक्रिया सफल भएपछि उनीहरु मात्रै होइनन् सिंगो परिवारमा खुसीयाली छाएको छ । उनीहरुलाई भेट्न आउने आफन्तको भिडनै लागेको नाति बिष्णु गेलानले बताए । मोतिया बिन्दु रोगका कारण पूर्णरुपमा आँखाको दृष्टि गुमाएका गेलाङ परिवारका यी श्रीमान श्रीमती आँखाको शल्यक्रिया सफल भएपछि उज्यालो जीवनमा फर्किएको छ ।

गेलाङका दुई आँखाको शल्यक्रिया सफल भएको आँखा उपचार केन्द्र अर्घाखाँचीका प्रमुख सागर घिमिरेले बताए । यता सन्धिखर्क नगरपालिका वडा नम्बर १ का ७५ वर्षीय नारायण प्रसाद खनाल पनि खुसी छन् । उनले केही वर्षदेखि आँखाको समस्या भोगिरहेका खनालले आँखाको शल्यक्रिया गरेपछि तुलनात्मक रुपमा राम्रोसँग देख्न थालेपछि आफु हर्षित भएको बताए । नेत्ररोग विशेषज्ञ डाक्टर सूचन पुन र सागर




घिमिरेको टिमले सन्धिखर्क आँखा उपचार केन्द्रमा जटिल प्रकारका ७८ जना मतिया बिन्दुका बिरामीको शल्यक्रिया गरी जीवन उज्यालोमा फर्काइदिएको हो । सन्धिखर्कमा आयोजित आँखा शिविरमा विभिन्न समयदेखि मोतिया बिन्दुका कारण ज्योति गुमेपछि अन्धकारमा परेका ७८ जनाको सफलतापूर्वक शल्यक्रिया भएको छ । शल्यक्रिया गरिएका सबै बिरामीले आँखा देख्न शुरु गरेको आँखा उपचार केन्द्रका कर्मचारी बलराम घिमिरेले जानकारी दिए ।

मंगलबार र बुधबार भएको शल्यक्रियापछि बिहीबार दिउँसो ७८ जना बिरामीको आँखामा लगाइएको पट्टी खोलिएको थियो । पट्टी खोल्नासाथ अँध्यारोबाट उज्यालोमा फर्किएका बिरामीमा खुसीको सीमा थिएन । ज्योति फर्किएपछि केहीले गीत गाउँदै नाचेका थिए भने केहीले आफन्तसँग खुसियालीका साथ कुरा गरिरहेका थिए ।

आँखाको पट्टी खोल्दै थप अवस्थाबारे बुझ्न डाक्टर सूचन पुन सागर घिमिरे एक/एक गर्दै सबैको साथमा पुगी 'आँखाले देख्नु भाछ' भनि बिरामीलाई सोध्ने क्रममा उनीहरुलाई हात जोडेर सबैले आँखाको ज्योति फर्काइदिएकोमा धन्यवाद दिएका थिए ।

अर्घाखाँची दिगो विकास केन्द्र र रोटरी क्लव अफ महाराजगञ्ज काठमाडौंको आर्थिक सहयोग तथा नेपाल नेत्रज्योति संघ अर्घाखाँचीको आयोजनामा सञ्चालन भएको शिविरमा छिमेकी जिल्ला अर्घाखाँची लगायत छिमेकी जिल्लाका गरी ७८ जनाको शल्यक्रिया भएको अर्घाखाँची दिगो विकास केन्द्रका अध्यक्ष तथा राष्ट्रिय योजना आयोगका सदस्य डाक्टर जयबहादुर टण्डनले जानकारी दिए । आँखा शिविर नेत्रज्योति संघ अर्घाखाँची आँखा उपचार केन्द्रकै भवन सन्धिखर्कमा सञ्चालन भएको थियो । नेत्र ज्योति संघ दिगो विकास केन्द्र रोटरी क्लव अफ महाराजगञ्ज काठमाडौंको सहकार्य अर्घाखाँची आँखा अस्पतालको प्राविधिक सहयोगमा शिविर सम्पन्न भएको हो ।

शिविरको पहिलो र दोस्रो दिन गरी ३ सय ५० जनाले आँखा परीक्षणसहित उपचार सेवा लिएका थिए भने ७८ जना मोतियाबिन्दुका बिरामीको छनोट गरी शल्यक्रिया गरिएको शिविरमा केही मोतियाबिन्दुका बिरामीको पहिचान समेत गरिएको थियो ।

परीक्षणका क्रममा सेवाग्राहीलाई चस्मा तथा आवश्यकता अनुसारका औषधी समेत नि:शुल्क उपलब्ध गराइएको दिगो विकास केन्द्रका उपाध्यक्ष तथा स्वास्थ्य बीमा बोर्डका सदस्य डाक्टर मुक्ति श्रेष्ठले जानकारी दिए ।

शिविरमा डा.सूचन पुन आउने सुनेपछि सामान्यदेखि जटिल प्रकृतिका बिरामीको बाक्लो उपस्थिति रहेको थियो । उनको टिम नै अर्घाखाँचीमा आएर उपचार सेवामा संलग्न हुँदै आएको छ ।


**QATAR मा रोजगारको अवसर** | कम्पनी: ALBSHKARH LLTNDYF WALDYAFH
शहर: Doha
पूर्व स्वीकृत मितिः २०८१/०५/२७ चलानी नं.: ६०२२५२६३ LT. No.: 310751

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cleaning Worker | 0 | 6 | स. काममा दक्ष | 1000 | ३६,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज ४ गते (20 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1282/074/075
**Mahagadhi Overseas P. Ltd.**
Gwarko, Balkumari-9, lalitpur, Nepal, Tel.: 01-5203713, 5203717, Fax.: 5203717
Email: mahagadhioverseas @gmail.com, mahagadhioverseas 13@gmail.com
Web.: www.mahagadhioverseas .com

**UAE मा रोजगारको अवसर** | कम्पनी: PARAGON EMPLOYMENT SERVICES L.L.C
शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०५/२७ चलानी नं.: ६०२२५२६९ LT. No.: 310647

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 200 | 0 | स. काममा दक्ष | 800 | २९,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज ४ गते (20 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt.Lic.No.: 1622/079/080
**Al Haram Overseas Pvt. Ltd.**
Samakhushi-26, Town Planning, Kathmandu.
Tel No:4975786/4975055
Email: alharamoverseas91@gmail.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२८ भदौ २०८१, शुक्रबार
13 September 2024, Friday

सम्पादकीय

## गुरुङ र पोखरेलमाथि छानबिन गर !

सहकारी ठगी सम्बन्धी छानबिन गर्न गठित संसदीय समितिले प्रतिवेदन तयार पार्दै गर्दा एकपछि अर्का ठूला नेताहरूको नाम जोडेर प्रचार हुन थालेको छ । नेपाली कांग्रेसका उपसभापति एवं पूर्वमन्त्री धनराज गुरूङ, नेकपा एमालेका सांसद एवं सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलको नाम सहकारीको रकम अपचलनका घटनासँग जोडिएको छ । दुवैको पत्नी सहकारीमा आवद्ध रहेको, ती सहकारी बचतकर्ताको रकम अपचलनमा तानिएको छ । सहकारीको रकम अपचलनसँग जोडिएकी पत्नीसँग पाँच वर्ष अगाडि नै सम्बन्ध बिच्छेद गरेकाले ठगीका घटनामा आफूलाई जोड्न नहुने उपसभापति गुरूङले प्रष्टोक्ति दिइरहेका छन् । संसदीय लेखा समितिका सभापति पोखरेलको पनि पत्नी सहकारी अपलनमा जोडिएको तथ्य सार्वजनिक भएको छ । यी दुई घटना कसरी अगाडि बढाइन्छ भन्ने आमचासो देखिन्छ ।

कांग्रेस र एमालेको सरकार रहेकाले पनि गुरूङ र पोखरेलबारे कसरी छानबिन हुन्छ भन्ने चासो हुनु स्वभाविक हो । अझ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने सहित नेताहरूसँग संसदीय छानबिन समितिले बयान लिइसकेको पृष्ठभूमिले पनि सत्तारूढ नेताहरूलाई कसरी व्यवहार गरिन्छ भन्ने महत्वपूर्ण छ । पृष्ठभूमिकै कुरा गर्दा संसदीय छानबिन समिति गठन नै कांग्रेसको मूख्य मागका कारणले गठन भएको हो । तत्कालीन उपप्रधानमन्त्री एवं गृहमन्त्री रहेका रवि लामिछाने सहित रास्वपाका नेताहरू सहकारी ठगी प्रकरणमा जोडिएको आरोप सहित कांग्रेसले संसदीय समितिको माग राखेको थियो । संसदीय समिति नबनेसम्म संसद् चल्न नदिने कांग्रेसको अडानविरूद्ध एमाले सांसदहरूले संसद् बैठकमै प्रतिवाद गरेका थिए । अन्ततः खराब सूचीमा रहेको सहकारीहरूको नाम अनुसूचीमा राखेरै संसदीय समिति गठन भयो ।

सूर्य थापा संयोजक रहेको संसदीय समितिले सहकारीका समग्र समस्याहरू पहिल्याउने मूल उद्देश्य लिएको छ । सँगै सहकारी ठगीका घटनामा कोही संलग्न देखिए कारबाहीका निम्ति आवश्यक सिफारिस गर्न सक्ने क्षेत्राधिकार संसदीय छानबिन समितिलाई दिइएको छ । यो समितिमा एमाले, कांग्रेस, माओवादी र रास्वपाका सांसद छन् । र प्रतिवेदन तयारी भइरहेको छ । त्यस्तो बेला कांग्रेस र एमालेका ठूलै नेताको नाम सहकारी अपचलनसँग सम्बन्धित व्यक्तिसँगको सम्बन्धलाई जोडेर प्रचार गरिएको छ । यी नेताहरू दोषी हुन् वा होइनन् भन्ने कुरा निष्पक्ष छानबिनबाटै थाहा होला । तर संसदीय समिति र देशभरका सहकारीहरूप्रति विश्वास दिलाउन पनि यी घटनामा समेत आवश्यक छानबिन गरिनुपर्छ । दोषी देखिए कारबाही र निर्दोष भए सफाइ दिइनुपर्छ ।

# सामाजिक सञ्जाल र राजनीति


*नेपाललाई चौतर्फी विकासमा अगाडि बढाउने हो भने दूरदर्शी नेतृत्व, समावेशी शासन प्रणाली र समाजका सबै क्षेत्रका नागरिकहरूको सक्रिय सहभागिता रहने परिपाटी स्थापित गर्नुपर्छ । सामूहिक प्रयासले मात्रै मुलुक बनाउन सम्भव छ । सामाजिक सञ्जालको गलत प्रयोगबाट पनि जोगाउनु अहिलेको आवश्यकता हो ।*

अग्रलेख



● खिमराज गिरी

नेपाल एक भूपरिवेष्टित, बहुभाषिक, बहुसांस्कृतिक, बहु आयामिक विविध धर्म, जातजाति, भाषा, संस्कृति र संस्कार भएको देश हो । संसारका साना देशहरूमध्ये एक रहेको नेपाल पहिलादेखि नै स्वतन्त्र राष्ट्रको रूपमा विश्वसामु परिचित हुँदै आइरहेको छ । यहाँ विश्वको अग्लो शिखर सगरमाथा, हिमाल, हरियाली बन-जङ्गलले ढाकिएका पहाड, तराइको सम्म फाँट, विभिन्न नदीनाला तथा ताल तलैया र झरनाहरू भएकोले पनि जल, जङ्गल, जमिन, जनावर, जडीबुटीको धनी देश भनेर चिनिन्छ । तथापि, प्राचिनकालदेखि विभिन्न धर्म संस्कार र संस्कृति मान्दै आइरहेका नेपाली जनताले कहिल्यै पनि भौगोलिक रूपमा पराधीन भोग्नु परेन । हिन्दु अधिराज्यको रूपमा चिनिने नेपालमा प्राचिनकालदेखि विभिन्न शासकहरू लिच्छवी, मल्ल, शाह, राणाकाल हुँदै २००७ सालमा नेपाली जनताको ठुलो संघर्ष र बलिदानपश्चात् र स्वयम् स्वर्गीय राजा त्रिभुवनले पनि राणा शासनको अत्याचार सहन नसकेर प्रजातन्त्र ल्याउनमा सहयोग गरेको पाइन्छ । तथापि प्रजातन्त्र आयो भने पनि २००७ देखि २०१७ सालसम्म विभिन्न दलहरूको अपरिपक्व राजनीतिक परिपाटी, राजाको दाउ एकातिर, त्यस्तै भारतीय दृष्टिकोण अर्कोतिर, त्यसै गरी भर्खर मात्र सत्ता च्युत हुनुपरेको पीडा राणाहरूमा पनि हुनु आदि कारणले प्रजातन्त्र टिक्न सकेन र २०१७ सालमा राजा महेन्द्रले पञ्चायती शासन व्यवस्था लागू गरे । तत्पश्चात् ३० वर्षको शासनपश्चात् नेपाली जनताको प्रजातन्त्र प्राप्तिको लागि बलिदान तथा राज्यको चौथो अङ्गको रूपमा रहेको पत्रकारिता क्षेत्रको समेत सहयोगमा २०४६ सालमा प्रजातन्त्र आयो ।



अव प्रेस स्वतन्त्रता तथा नागरिकको अभिव्यक्ति स्वतन्त्रता जस्ता कुराहरू नेपालको संविधान २०४७ मा नै उल्लेख गरियो र तत्पश्चात् सरकारी सञ्चारमाध्यम मात्र नभएर निजी क्षेत्रले समेत मिडिया सञ्चालन गर्ने अनुमति प्राप्त गर्‍यो । तत्पश्चात् क्रमशः कान्तिपुर, नागरिक, मध्यान्ह दैनिकलगायत विभिन्न दैनिक, साप्ताहिक, पाक्षिक तथा मासिक रूपमा पत्रपत्रिकाहरू सञ्चालनमा आए र जनताका समस्याहरू उजागर गर्ने र राज्य संयन्त्र समक्ष पनि सुनुवाइ हुने मौका मिल्यो । निजी रूपमा विभिन्न रेडियो तथा टेलिभिजनहरू सञ्चालन हुन थाले । दूर दराजका मानिसहरूका विविध समस्याहरू पनि सम्बोधन हुने मौका मिल्यो । मानिसहरूले हिँडडुल गर्न, बोल्न, लेख्न तथा आफ्ना मनमा लागेका अभिव्यक्तिहरू प्रष्टरूपमा राख्न पाउने अधिकार स्थापित त भयो तर, २०५२ सालबाट माओवादीको सशस्त्र द्वन्द्वको चपेटामा मुलुक पर्‍यो । देशमा राजतन्त्रको अन्त्य गर्ने, गणतान्त्रिक शासन व्यवस्था ल्याउने, सर्वहारा वर्गका छोराछोरीहरू पनि शासकीय सत्तामा जान सकुन्, विभिन्न जातजातिहरूको प्रतिनिधित्व राज्य सञ्चालनको संयन्त्रमा हुन सकोस् भन्ने मुख्य अभिप्रायको साथ सञ्चालन गरिएको सशस्त्र जनयुद्ध १० वर्षसम्म चल्यो र अन्ततः नेपालका विभिन्न राजनीतिक दल र विद्रोही दल माओवादी पक्षबिचमा सम्झौता भएर फेरि २०६२।६३ सालमा राजा फालेर गणतान्त्रिक शासन व्यवस्था ल्याउने आन्दोलनको अभियान सुरु भयो । राजा ज्ञानेन्द्र सत्ता च्युत भए र जनताको छोरा राष्ट्रपति तथा सरकार प्रमुख भए । देशमा गणतान्त्रिक संविधान २०७२ सालमा लागू भयो ।

तत्पश्चात् जनताले अब त देशमा सुशासनको प्रत्याभूति अनुभव गर्न पाइन्छ भन्दै गर्दा गणतन्त्र आएको यतिका वर्ष भइसक्दा पनि देशमा न भनेजस्तो विकासको गतिले फड्को मार्न सकेको छ न त १२ बुँदे सम्झौताबारे जनतालाई खुलस्त रूपमा भनिएको छ । यसको विपरीत २०७२ सालमा उल्लेख गरिएको संबैधानिक व्यवस्थाअनुसार चुनावमा समानुपातिक प्रणाली अवलम्बन गरेर कुनै पनि राजनीतिक दलले स्पष्ट बहुमत ल्याउन असफल हुने देखियो र जहिले पनि दुई वा दुईभन्दा बढी १० वटा दलसम्म मिलेर सरकार बनाउँदा जनसरोकारको विषयमा काम गर्नेभन्दा दलहरू आन्तरिक सत्ता भागबन्डामा नै लिप्त हुने झन् द्वन्द्वको स्थिति उत्पन्न भएर न त राजनीतिक स्थिरता कायम हुन सक्यो न त सामाजिक सद्भाव नै, न त धार्मिक स्थिरता । सदैव सत्ता खिचातानीमा राजनीतिक दलहरू अल्झिएर विकासले निकास पनि पाउन सकेन र अन्तर्राष्ट्रिय जगतले पनि खेल्ने मौका पायो । यसले गर्दा व्यवस्था बदलिए पनि गरिब नेपालीको अवस्था भने जस्ताको तस्तै पहिलाको जस्तै भएको छ ।

अहिले सञ्चारको क्षेत्रमा नयाँ-नयाँ प्रविधिको विकास भएर प्राचीन कालमा रोमको सहरमा सञ्चालन भएको एक्टा ड्युर्ना ५९ बिसी देखिको पत्रकारिताको धारणा अमेरिकामा सन् १६९० मा सुरु भएको 'पब्लिक अक्युरेन्सेस बोथ फरिगन एन्ड डोमेष्टिक' प्रकाशित पत्रिका हुँदै बेलायतमा सन् १७०२ मा प्रकाशित भएको डेली कुरान्ट पत्रिकादेखि विकसित भएको छापा पत्रकारितासँगै सन् १९०० ताका रेडियो र सन् १९३६मा टेलिभिजन प्रसारण पत्रकारिताको विकासले गति लियो र मानिसहरूका सम्पूर्ण समस्याहरू उजागर गर्ने माध्यम बने यी छापा र प्रसारण पत्रकारिता क्षेत्रहरू । तथापि यतिले मात्र पुगेन र मानिसहरूले नयाँ-नयाँ प्रविधिको विकास गर्ने क्रममा सन् १९८० को दशकपछि इन्टरनेटको आविष्कार भयो र विश्व सन् १९९० पछि डिजिटल युगमा प्रवेश गर्‍यो । तत् पश्चात् सोसिएल मिडियाको जन्म भयो र अनलाइन मिडियाले संसार जगतमा भएका र घटेका यावत घटनाहरू क्षणभरमा नै प्रचार प्रसार गर्न सक्ने भए । सामाजिक सञ्जालअन्तर्गत अहिले फेसबुक, इन्टाग्राम, ट्विटर, म्यासेन्जर, ह्वाटस्एप, ब्लग, युटुवलगाएत विभिन्न एप्लिकेसन सफ्टवेयर मानिसले चलाउन सक्ने भए । यसैअनुरूप नागरिक पत्रकारिताको धारणा आयो र हाल आर्टिफिसियल इन्टलिजेन्सको अवधारणा विकसित भएसँगै त झन् विश्वको सञ्चार क्षेत्रमा नसोचेको प्रगति भएको ठानिन्छ ।

यसर्थ, सञ्चार क्षेत्रको विकासको गति अगाडि बढ्दै गर्दा सोसिएल मिडियाको प्रादुर्भाव भएसँगै मानिसहरूले बोल्न र लेख्न पाउने आफ्नो अधिकारको प्रयोग के सही अर्थमा गरेका छन् त ? हो, अहिलेको राजनीतिक, सामाजिक, धार्मिक, सांस्कृतिक तथा आर्थिकलगायत विविध क्षेत्रमा देखिएको सकारात्मक र नकारात्मक दुवै पक्षलाई समाजले राम्रोसँग मूल्याङ्कन गरेर अगाडि बढ्नु पर्ने आजको आवश्यकता देखिएको छ । विज्ञान र प्रविधिको बढ्दो विकाससँगै जति पनि विकासको अनुभव मानिसले गरेका छन् त्यसमा विनाश पनि त्यत्तिकै निम्तिएको तितो सत्यलाई मानिसहरूले नकार्न भने सक्दैनन् । त्यस्तै सामाजिक सञ्जालको विकाससँगै अहिले नेपालको परिप्रेक्ष्यलाई हेर्दा राजनीतिक र सामाजिक वृत्तमा देखिएको अराजक शैली, सञ्जाल प्रयोग गर्ने तरिका, मानिसहरूमा एक-आपसमा लगाइएको सत्य या मिथ्या आरोप-प्रत्यारोप, सञ्जालमा प्रधानमन्त्रीका यति पक्षधर मानिसहरू भए, तर त्योभन्दा पनि एउटा मेयरका सञ्जाल फलोअर्स धेरै भए जस्ता विषयमा चर्चा हुने गरेको छ । जसका आधारमा राजनीतिक पात्रको प्रतिष्ठालाई गणना गर्ने गरिएको छ । आज विचार र सिद्धान्तको विषय छायामा परेका छन् । यो एकदमै चिन्ताको विषय बनेको छ ।

देशमा राज्य सत्ता सञ्चालनको लागि कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका तीन प्रमुख अङ्गहरू हुन्छन् र त्यसमा अर्को महत्वपूर्ण चौथो अङ्गको रूपमा पत्रकारिता क्षेत्र हुन्छ । जसले राज्यका विभिन्न निकायमा भए गरेका गतिविधिहरू यर्थाथ रूपमा जनतालाई उजागर गर्ने र चेक एन्ड ब्यालेन्समा ल्याउने काम यसले गर्छ । तथापि अहिले सञ्चालनमा आएको नयाँ सोसल मिडिया प्रयोगकर्ताहरू सबै नभनौँ केहीको उद्दण्डता शैलीले गर्दा राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक लगायत समाजमा दैनिक सरोकार राख्ने विविध विषयमा अराजकता सिर्जना गर्ने काम भइरहेका छन् । आज कयौँ परिवारमा मोबाइलको अनावश्यक प्रयोगले कति कामको खती भएको छ भने सरकारी कार्यालयको त कुरै नगरौँ ।

आज एउटा सामान्य किराना पसललगायतका व्यापारीले स्थानीय निकाय, कर विभाग, उद्योग तथा वाणिज्य विभाग गरी तीन तीन ठाउँमा कर राज्यलाई तिरेका छन् तर, माथिका ठुला उद्योग व्यवसायीले भने उनीहरूको मर्जीअनुसार राज्यलाई कर तिरे पनि नतिरे पनि यसको कुनै लेखाजोखा छैन । कतिपय स्थानीय निकायहरूले जनताले तिरेको करको सदुपयोग आफ्ना मानिसहरू छानेर तीर्थ मन्दिर भ्रमणमा लैजाने, तिजको भोजभतेर ख्वाउने, अनावश्यक ठाउँमा खर्च गर्ने, अनावश्यक कर्मचारी राखेर राज्यको सम्पत्तिको दोहन गर्ने, जनताका प्रतिनिधि स्वयम नै गिट्टी बालुवाको ठेकेदार बन्ने आदि अनियमितताको काममा न त स्थानीय पत्रकारिता क्षेत्रले नै निगरानी बढाउन सकेको छ न त नागरिक आफैँ सचेत भएका छन् । हो, चुरो प्रश्न यही नै हो ।

नेपाललाई हरेक क्षेत्रको विकासको लागि अगाडि बढाउने हो भने दूरदर्शी नेतृत्व, समावेशी शासन र समाजका सबै क्षेत्रका मानिसहरूको सक्रिय सहभागिताको अनिवार्य छ । सामूहिक प्रयास र हरेक क्षेत्रमा नागरिक आफैमा नैतिकता जाग्न सक्यो र अहिलेको सामाजिक सञ्जालको हौवामा नलागेमा अघि बढ्न सकिन्छ । तसर्थ, सबै वर्ग, क्षेत्र, समुदाय तथा भूगोलका मानिसहरूको सामूहिक प्रयासले नै समृद्ध, समतामूलक र दिगो भविष्यका रूपरेखाहरू कोर्न सकिन्छ । यसको लागि भविष्यको मार्गचित्र आजै कोर्ने हो र त्यही रेखाकंनमा हिँड्न सकियो भने मात्र विकासको प्रतिफल पाउन सकिएला अन्यथा, हामी र हाम्रो समाज कता जाँदैछ भन्ने अन्योलतामा रुमलिनु बाहेक अरू उपलब्धि केही हाता पर्ने छैन यदि यस्तै विचलनमा कुँद्न थालियो भने ।

## सामाजिक सञ्जाल



- रञ्जित तामाङ

जनजाति समुदायमा सामूहिकता हुन्छ, केही सत्य हो । तर त्यही सामुहिकताकै कारण दयहाङ राई सफल भएको हो भन्ने पूजा शर्माको बुझाई आफैँमा क्षतिग्रस्त छ । कलाकारितामा दयाहाङको संघर्ष र समर्पण कति छ भनेर बुझेको भए पूजा शर्मा, पल शाहहरूले पुण्य गौतम बोकेर फिल्मको प्रचार गर्ने थिएनन् सायद !



- कृष्ण घिमिरे

टावर मोडलको विकास, विनाशकारी, आएछ फेरी अर्को सनक ! देश बनाउन होइन, हावादारी उटपट्याङ विचारले बरबाद गर्न उद्धत । सडक छेउछाउका जग्गा सब घडेरी अनि प्लटिङ, काम गर्ने मानिस छैनन् खेतबारी बाँझा । पशुपालन छैन, मलजल बिना रुखो । प्राथमिकता यता पो हुनुपर्दछ ।



- दिपेन्द्र डिसी

व्यक्तिमा लागेको आरोप छोप्न सारा पार्टी शक्ति प्रयोग गर्ने, कसैको ठगी जोगाउन पार्टी ब्यानर अगाडी बसेर सबै मुख्य जिम्मेवारहरू अर्कालाई दुत्कार्ने, पटक-पटकको चर्तिकलाले थाहा हुन्छ, आखिर उहाँहरू कानुनी राज्य होइन, अराजकता चाहनु हुन्छ । देशले खोजेको सुशासन हो 'गिरोह तन्त्र' होइन ।



- सुर्यराज आचार्य

राज्य प्रणालीको विश्वसनीयता रसातलमा पुगेको छ । धन्न नेपालले जारी गरेको राहदानीलाई अरूले मान्यता दिएका छन् । विकृतिको मुहान राजनीति र राज्य सञ्चालनको शिखरमा छ । पुराना त छँदै थिए, नयाँसमेत पुरानैको लाइनमा उभिनु दुर्भाग्यपूर्ण छ ! गल्ती स्वीकार गरी उपसभामुखले राजीनामा दिँदा उपयुक्त होला ।

# विद्यार्थीलाई के सिकाउने ?

*शिक्षकले इमानदारिता, पारदर्शिता र नैतिक मूल्यहरूको पालना गर्नुपर्छ । विद्यार्थीहरूले शिक्षकबाट नै यस्ता कुरा अनुसरण गर्ने भएकाले शिक्षकले हमेसा यी गुणहरू विकसित गर्ने र व्यवहारमा प्रदर्शन गर्ने प्रयास गर्नुपर्छ । २१औँ शताब्दीमा पनि तथ्यपरक रूपमा विद्यार्थी सिकाउन सकिएन भने त्यो सिकाई व्यर्थ हुन्छ ।*

विचार



● राजन तिमिल्सिना

विद्यालयमा विज्ञान प्रयोगशाला बनाउनुको सट्टामा सरस्वती र गणेशको मूर्ति स्थापन गर्ने प्रचलन अझैसम्म हटेको छैन । शिक्षकहरू स्वयम्मा अन्धविश्वास र रुढीजन्य चेतनाले राज गरिरहेको दह्रो प्रमाण पनि यही हो । श्रमिकहरूले कुदेका मूर्ति र निर्माण गरेका मन्दिरहरू निर्जीव हुन्, यिनीहरूको चेतना र विवेक हुँदैन भन्ने कुरा समेत शिक्षकलाई थाहा छैन । पत्थरलाई पूजा गरे पनि नगरे पनि, फूल अबिर चढाए पनि नचढाए पनि, फलफूल चढाए पनि नचढाए पनि उसले राम्रो या नराम्रो कुनै प्रतिक्रिया जनाउन सक्दैन भन्ने सामान्य ज्ञान र चेतना समेत नभएका शिक्षकहरूले कस्तो खाले जनशक्ति उत्पादन गरिरहेका छन् भन्ने कुरा सहजै अनुमान लगाउन सकिन्छ ।

निर्जीव ढुङ्गाहरूबाट देवता बनाए पनि, भवन बनाए पनि, ढुङ्गाको गुण र सारतत्व एउटै हुन्छ र त्यसले मानव जीवनलाई केही कुराको फरक पार्न सक्दैन भन्ने समेत ज्ञान नहुनु विडम्बनापूर्ण हो । ढुङ्गाको आवश्यकताअनुसार प्रयोग गर्नु राम्रो कुरा हो तर, त्यसलाई जीवित मानिसको भन्दा माथिल्लो दर्जा दिनु र उसले मानिसको मनोकाङ्क्षा पूरा गर्छ भन्ने सोच्नु अज्ञानता र मूर्खता सिवाय केही होइन । चीन, जापान जस्ता देशहरूमा चार/पाँच कक्षा पढ्ने विद्यार्थीले प्रयोगात्मक शिक्षाको माध्यमबाट, घडी, मोबाइल, कम्प्युटर बनाउन सिक्छन् । त्यहाँबाट उत्पादित जनशक्तिले अन्तरिक्ष जाने लिफ्ट र अन्य जटिल यान्त्रिक उपकरणहरू निर्माण गरिरहेका छन् । त्यहाँ हरेक विद्यालयमा विज्ञान प्रयोगशाला अनिवार्य हुन्छ । त्यहाँ सरस्वती, गणेश जस्ता पात्रलाई न शिक्षकले चिन्दछन्, न विद्यार्थीले नै चिन्दछन् । हाम्रो देशका शिक्षकको चेतना स्तर, विश्व दृष्टिकोण, तार्किक क्षमता, विवेकीपना, रचनात्मक दूरदर्शिता, शिक्षण विधि, शैक्षिक गुणस्तर, जिज्ञासुपना आदि आधारमा वर्गीकरण गर्दा उनीहरूले, हली, गोठाला, ज्यामी, द्वारपाले भन्दा राम्रो जनशक्ति उत्पादन गर्न सक्दैनन् भन्ने कुरा ठोकुवासाथ भन्न सकिन्छ ।

शिक्षकहरूमा विषयको गहिरो ज्ञान, भौतिक जगत, मानव समाज र विज्ञानका सिद्धान्त, अवधारणा र तथ्यहरू बारे यथेष्ट जानकारी हुनुपर्दछ । विभिन्न विषयहरू जस्तै- विज्ञान, इतिहास, समाजशास्त्र, गणित र सम्बन्धित विषयका बारेमा अतिरिक्त ज्ञान भएन भने शिक्षकले आफ्नो दायित्व निर्वाह गर्न सक्दैन । विज्ञान शिक्षकले विज्ञान विभिन्न शाखाहरू जस्तै : भौतिक विज्ञान, रसायन विज्ञान, जीव विज्ञान, इलेकट्रोनिक्स विज्ञान, खगोल विज्ञान, कम्प्युटर विज्ञान आदिको आधारभूत ज्ञान हुनु आवश्यक हुन्छ । विज्ञानका जटिल विषयहरूलाई प्रयोगात्मक तथा सरल तरिकामा प्रस्तुत गर्न सक्ने क्षमता समेत हुनुपर्दछ ।

शिक्षकसँग नयाँ नयाँ जानकारी, प्रविधि र पद्धतिहरूको बारेमा अनुसन्धान गर्न र नवीन ज्ञान प्राप्त गर्न सधैँ उत्सुकता र इच्छाशक्ति हुनुपर्छ । विद्यार्थीहरूलाई तथ्यको आधारमा अनुसन्धान पद्धतिद्वारा अध्यापन गराई सोही पद्धति अनुसार सिक्न प्रेरित गर्नु पर्दछ ।

शिक्षकले सम्बन्धित विषयका अवधारणाहरूलाई रोचक, रचनात्मक र कलात्मक ढङ्गले प्रस्तुत गर्न सक्नुपर्छ । शिक्षकले पठन-पाठन प्रक्रियामा प्रयोगशालाको प्रयोग, शारीरिक व्यायामहरू, विभिन्न वैज्ञानिक, समाज शास्त्री, अन्वेषक, अध्येता, खोजकर्ताहरूका नयाँ-नयाँ तथ्यहरूलाई उदाहरण दिएर प्रस्ट्याउन सक्नु पर्छ । शिक्षकको संवाद कौशल उच्चस्तरीय हुनुपर्छ । आफ्नो पाठ्यक्रमका जटिल विषयहरूलाई सरल, स्पष्ट, तथ्यपरक र रोचक तरिकाले बुझाउन सक्षम हुनुपर्छ ।

शिक्षकले विद्यार्थीहरूका प्रश्नहरूको धैर्यपूर्वक सही उत्तर दिनु, उनीहरूको विचार र दृष्टिकोणलाई सम्मान गर्नु र उनीहरूको कमजोरीलाई सुधार्ने अवसरका रूपमा लिन सक्ने हुनु आवश्यक छ । शिक्षकले कम्प्युटर, इन्टरनेट, र अन्य डिजिटल स्रोतहरूको ज्ञान र प्रभावकारी प्रयोग गर्न जान्नुपर्छ । ई-लर्निङ, अनलाइन स्रोत, र डिजिटल उपकरणहरूको उपयोग गरेर शिक्षण विधिलाई अझ प्रभावकारी र परिणाममुखी बनाउन सक्नुपर्छ ।

शिक्षकले विद्यार्थीहरूलाई विज्ञानप्रति रुचि बढाउने, खोज, अनुसन्धान गर्ने, प्रयोगात्मक विधि अपनाउन र उनीहरूको जिज्ञासालाई बढवा दिने वातावरण सिर्जना गर्न सक्षम हुनुपर्छ । विज्ञानका नयाँ अनुसन्धान र खोजहरू निरन्तर परिवर्तनशील हुन्छन् । शिक्षकले यस किसिमको परिवर्तनलाई सहजै स्वीकार गर्न सक्ने र शिक्षण विधिमा समायोजन गर्न सक्नुपर्छ । शिक्षकले इमानदारिता, पारदर्शिता र नैतिक मूल्यहरूको पालना गर्नुपर्छ । विद्यार्थीहरूले शिक्षकबाट नै यस्ता कुरा अनुसरण गर्ने भएकाले शिक्षकले हमेसा यी गुणहरू विकसित गर्ने र व्यवहारमा प्रदर्शन गर्ने प्रयास गर्नुपर्छ ।

## तपाईंको राशिफल

मेष : सन्तान सुख मिल्नेछ । सुखी एवम् प्रतिष्ठामा वृद्धि हुने योग छ ।

वृष : आध्यात्मिक यात्रा हुने योग छ । वाहन सावधानी राख्नुहोला ।

मिथुन : स्वास्थ्य राम्रो रहनेछ । विदेश यात्राको योग छ ।

कर्कट : महत्वपूर्ण भेटघाट हुनेछ । यश बढ्ने योग छ ।

सिंह : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । व्यापारिक कार्यहरूमा राम्रो लाभ मिल्नेछ ।

कन्या : सम्बन्धहरूमा विवाद हुने योग छ । जग्गाको कार्यमा सफलता मिल्नेछ ।

तुला : सन्तुलित आहार लिनुपर्छ । मनोबल उच्च रहनेछ ।

वृश्चिक : प्रसिद्धिमा वृद्धि हुनेछ । अनावश्यक इच्छामाथि नियन्त्रण राख्नुहोला ।

धनु : पारिवारिक सहयोगमा वृद्धि हुनेछ । शान्तिमा वृद्धि हुने योग छ ।

मकर : धार्मिक कार्यमा रुचि बढ्नेछ । व्यर्थको यात्रा र परेशानी हुनेछ ।

कुम्भ : आहारमा ध्यान दिनुहोला । भाग्यमा वृद्धि हुने योग छ ।

मीन : बाहिरी सहयोगमा कमी आउनेछ । कुनै पनि कार्यमा हतार नगर्नु होला ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# बक्स अफिस समाचार

## 'एक्टर'ले ल्यायो आनाको क्यारेक्टर पोस्टर

**काठमाडौं/मस-** कात्तिक १५ गते (लक्ष्मीपूजा)बाट प्रदर्शन हुन लागेको चलचित्र 'एक्टरः टेक वान'ले नायिका आना शर्माको क्यारेक्टर पोस्टर सार्वजनिक गरेको छ । बिहीबार रोयल भिमसेन र सुजन श्रेष्ठ (ट्राइडेन कन्सेप्ट)को कन्सेप्ट डिजाइनमा तयार भएको पोस्टरमा नायिका आना मात्र चित्रित छिन् । पोस्टरमा आना शहरीया युवतीका रुपमा चित्रित छिन् । आकर्षक लुक्समा रहेकी उनी वान पिसमा छिन् । कलर गरेको कपाल र गला खुलेको वान पिसले उनलाई खुलेको छ ।

पृष्ठभूमिको आकर्षक झ्याल कुनै तारे होटेलको झैं लाग्छ । बुट्टा कुँदिएको आकर्षक झ्यालले उनी कफ, डिनर अथवा ब्रेकफाष्टका लागि महंगो होटेलमा पुग्छिन् भन्ने संकेत गरेको छ । यसबारे निर्माण पक्षले भने केही खुलाएको छैन । उनको चरित्रको नाम प्रकृति रहेको बाहेक निर्माण पक्षले केही जानकारी दिएको छैन ।

यसअघि यो सिनेमाका तीन वटा पोस्ट सार्वजनिक भएका थिए । जहाँ फर्स्टलुक पोस्टरमा सिनेमाका प्रमुख कलाकार प्रदीप खड्काका पाँच भिन्न गेटअपमा सार्वजनिक गरेको थियो भने कालो टिसर्ट र लामो कपालमा देखिएका प्रदीप मात्रै प्रस्तुत भएको दोस्रो पोस्टर सार्वजनिक गरेको थियो । जहाँ उनी कसैको भौतिक आक्रमणमा परेको अनुहारभरि चोटैचोटमा देखिएका थिए । यस्तै अर्को पोस्टरमा यही सिनेमाबाट करिब १० वर्षपछि अभिनयमा कमब्याक गरेका अभिनेता राजबल्लभ कोइरालाको जन्मदिनको अवसर पारेर निर्माण पक्षले उनी फिचर्ड क्यारेक्टर थिम पोस्टर सार्वजनिक गरिएको थियो ।

उक्त पोस्टरमा सिगार सेवन गरिरहेका उनले प्रदीप खड्काको तस्वीर हेर्दै गरेको देख्न सकिन्छ । दाह्री र जुँगामा रहेका राजबल्लभको लुक्स, अगाडिको टेबल र पृष्ठभूमि हेर्दा उनी अनुसन्धानकर्मी हुन् कि भन्ने अनुमान लगाउन सकिन्छ । राजन भुसालको निर्देशन रहेको 'एक्टर'मा प्रदीप, राजवल्लभ र आनासँगै नव-नायिका दिव्या रायमाझी अभिनेता दिव्य देव, सुशील सिटौलालगायतको अभिनय रहेको छ । अभिनेता दिलीप रायमाझीकी छोरी दिव्याले यही सिनेमाबाट डेब्यु गरेकी हुन् ।




अदृत फिल्मस् र मोती फिल्मस्को प्रस्तुतिमा रहेको सिनेमाका निर्माता थमन कुमार भण्डारी हुन् । क्रेयटिभ प्रोडुसर मोती कार्की रहेको सिनेमाको लाइन प्रोड्युसरमा तोरन क्षेत्री हुन् । सिनेमाको कथा आकाश बराल र राजन स्वयंले लेखेका छन् । सिनेमालाई नरेन्द्र मैनालीले खिचेका हुन् । शिशिर खाती र किरण थापा कोरियोग्राफी रहेको सिनेमामा अष्टम महर्जनको द्वन्द्व कृष्णमान तामाङको आर्ट डिरेक्सन, हर्कुलस बस्नेत, रोहित शाक्य र एलिस कार्कीको संगीत रहेको छ । मुख्य सहायक निर्देशकमा आकाश उखेडा र राजेश विश्वकर्मा रहेको सिनेमामा सह-निर्देशकमा विशाल जंग, समय थपलिया, जीवन ढुंगेल, सुमन कार्की रहेका छन् । सिनेमामा काव्य थापाको मेकअप, वसन्त बुढा र अनिका श्रेष्ठको कस्ट्युम डिजाइन रहेको छ ।

सिनेमामा निमेश श्रेष्ठको सम्पादन, राजेन्द्र मोक्तानको कलर, साहिल खान को पोट प्रोडक्सन सुपरभाइजर, रेलिजा श्रेष्ठको प्रोडक्सन डिजाइनर, नविन श्रेष्ठको साउण्ड, रोमन बज्राचार्यको ब्याकराउण्ड स्कोर, विवेक खकुरेलको सोसल मिडिया म्यानेजर, सोसल मिडिया कन्सेप्ट राइटरमा ज्ञानु संगम खड्का रहेका छन् । कात्तिक १५ गतेदेखि रिलिजमा आउने यो सिनेमाको वितरणको जिम्मा एप्पल इन्टरटेन्टमेन्ट र डिसिएनले लिएको छ ।

## भुवन र मेलिनाले ल्याए 'इंगेजमेन्ट'

**काठमाडौं/मस-** गायक भुवन प्यासी र मेलिना राईको स्वर रहेको 'इंगेजज्मेन्ट' बोलको रोमान्टिक गीतको भिडियो सार्वजनिक भएको छ ।

गीतको भिडियोमा देव महतो, मिस पवि, कोसिष क्षेत्री, निकिता परियार लगायतले अभिनय गरेका छन् भने क्यामरा रविन्द्र बराल, निर्देशन सिर्जन बरालको रहेको छ । इंगेजमेन्ट गीतको भिडियो यायक प्यासीको आफ्नै अफिसियल युट्युब च्यानबाट सार्वजनिक गरिएको छ ।



**Suryodaya Municipality**

**Office of the Municipal Executive**

**Enhanced Skills for Sustainable and Rewarding Employment (ENSSURE) Project Phase-II**

**Fikkal, Ilam**

**Request for Expression of Interest (EoI)**

**for Short-listing of Training Providers (TPs)**
**First Date of Publication: 2081-05-28 (13th of September, 2024)**
**Financing Agency: Swiss Agency for Development and Cooperation (SDC)**

1. Enhanced Skills for Sustainable and Rewarding Employment (ENSSURE)-II is a bilateral initiative of the Government of Nepal (GoN) and the Government of Switzerland implemented by 3 tiers of government at Federal, Provincial and Local level with technical assistance from Helvetas Nepal. The overall goal of the project is to contribute for improved living standard of Nepalese workers particularly from disadvantaged groups to benefit from continuous employment.
2. Suryodaya Municipality now invites Expression of Interest (EOI) from interested eligible Consultant or TPs to the following works as mentioned in the Terms of Reference (TOR).

| EOI No: | Name of Work: |
|---|---|
| SUMO/ILAM/EOI/TRAINING01-081/082 | Conducting Training with OJT (Level II with 1696 hrs.) On Professional Carpenter |
| SUMO/ILAM/EOI/TRAINING02-081/082 | Conducting Training with OJT (Level II with 1696 hrs.) On Professional Vehicle Body Repair Technician |

3. Interested eligible Consultant or TPs may obtain EOI document at website of municipality https://www.suryodayamun.gov.np or visit e-GP system www.bolpatra.gov.np/egp.
4. Suryodaya Municipality reserves the right to shortlist or not shortlist any or all the applicant(s) without assigning any reason whatsoever.

**Chief Administrative Officer**


**UAE मा रोजगार** | कम्पनी: ROYAL SHADOW PACKAGING SERVICES LLC
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८१/०५/२६ चलानी नं.: ६०२२३८५५ L.T. No.: 310609

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/packer/picker | 45 | 0 | स. काममा दक्ष | 800 | २९,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ असोज ४ गते (20 September 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**गोर्खा ह्युमन रिसोर्स सोलुसन प्रा. लि.**
श्रम इजाजत नं. ७७९/०६५/०६६
Pulchowk, Lalitpur | Tel: 5409108 , 5450061 | Email:-gorkhahrs779@gmail.com

**कुवेत, ओमन, कतार र UAE मा रोजगार** | कम्पनी: Glow Lounge Ladies Beauty Salon Co शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०८१/०५/२४ चलानी नं.: ६०२२५०४८ LT. No.: 310473

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician Hair Dressing, Manicure | 0 | 4 | स. काममा दक्ष | 150 | ६५,८४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: Banat Ali For Investment LLC शहर: OMAN
पूर्व स्वीकृत मितिः २०८१/०५/२७ चलानी नं.: ६०२२५२४५ LT. No.: 310661

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Arabic Coffee Maker | 1 | 1 | सम्बन्धित काममा दक्ष | 140 | ४८,८४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hairstylist | 0 | 1 | | 170 | ५९,३१४ | | | | | | | |

कम्पनी: LAMAR BEAUTY SALON शहर: QATAR
पूर्व स्वीकृत मितिः २०८१/०५/२७ चलानी नं.: ६०२२५२४४ LT. No.: 310675

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Beautician (Female) | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1700 | ६२,५०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Masseur | 0 | 1 | | 1700 | ६२,५०९ | | | | | | | |

कम्पनी: DIVINE LOUNGE LADIEAS CENTER - SOLE PROPRIETORSHIP L.L.C. शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०५/२६ चलानी नं.: ६०२२५२४६ LT. No.: 310646

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manicurist (Female) | 0 | 3 | स. काममा दक्ष | 1500 | ५४,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भाद्र ४ गते (20 September 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Sky Of The World Manpower Pvt. Ltd.**
श्रम ई. पत्र नं.: १०३९/०७३/०७४
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 4588231/4591316
Mob.: 9851068774, 9860049529/9860924657
E-mail : info@skymanpow.com.np, Web.www.skymanpower.com.np

**ओमनमा रोजगारको अवसर** | कम्पनी : BAHJAT ALATHA MODERN
शहर: Oman,AL-SWAIQ

पूर्व स्वीकृत मितिः २०८१/०५/२७ चलानी नं.: ६०२२५२३३ LT. No.: 310733

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 1 | 0 | स. काममा दक्ष | 160 | ५५,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AHOOD ALWED SPC शहर: Oman,ALMUSANNA
पूर्व स्वीकृत मितिः २०८१/०५/२७ चलानी नं.: ६०२२५२३२ LT. No.: 310732

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Stylist/hair Dresser | 0 | 1 | सम्बन्धित काममा दक्ष | 170 | ५९,३१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Beautician / General Neautician / Hair Dresser | 0 | 1 | | 170 | ५९,३१४ | | | | | | | |

कम्पनी : ALMISA LILKADAMAT ALMUTATAWIRA शहर: Oman, Almusanna
पूर्व स्वीकृत मितिः २०८१/०५/२७ चलानी नं.: ६०२२५२६१ LT. No.: 310752

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Flower Designer | 0 | 2 | स. काममा दक्ष | 160 | ५५,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज ४ गते (20 September 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**H.M.T. Overseas Pvt. Ltd.**
Govt. Lic. No. 1429/074/075
Sinamangal 9 Kathmandu, Nepal Tel.: 01-4111301 Mobile: 9847497631, 9842036587, 9823164783, 9808466028, 9803515104, 9866691140, 9827685565


**Chaurjahari Municipality**

**Chaurjahari, Rukum (West)**

**Date of publication: 13-09-2024**

1. Bidding is open to all eligible Nepalese and Foreign Bidders. [defined in the guidelines]
2. The Chaurjahari Municipality invites electronic bids from eligible bidders. under Sealed Quotation and National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.
   [Note: In case of IFB to be published as slice basis the Purchaser may add following information:
   The bidder may submit the bid for single or more slices as mentioned below and offer discounts/ cross discounts. Evaluation will be done slice by slice basis, with contracts awarded based on the award combination that is of least cost to the Purchaser.]
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Chaurjahari Municipality Chaurjahari Municipality Rukum Western Karnali Province Nepal or may visit PPMO egp system website www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents may be purchased from the following bank
   **Name of the Bank** : **Rastriya Banijya Bank Ltd.**
   **Name of the Office** : **Chaurjahari Municipality**
   **Office Code no** : **80659402300**
   **Office Account no** : **4330100301010002**
   **Rajaswa (revenue) Shirshak no** : **14265**
5. Bids must be valid for a period of 120 days for NCB & 90 Days for SBQ after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of Following Amount beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall beconsidered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S. N. | IFB No. | Discription | Document Fee | Bid Security | Submission Deadline | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | CJM/GOODS/NCB/01/081/082 | Procurement of supply & delivery of Medicine and Surgical Equipment for Chaurjahari Municipality Rukum West. | 3,000 | 1,37,500 | 13-10-2024 12:00 | |
| 2 | CJM/GOODS/SBQ/01/081/082 | Procurement of supply and Delivery Veterinary Medicine & Surgical Equipment for Chaurjahari Municipality Rukum West | 1,000 | 38,000 | 29-09-2024 12:00. | |

# खाली चेक धरौटीले स्टार्टअप उद्यमी कालोसूचीमा

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, २७ भदौ ।

नेपालमा स्टार्टअप उद्यम गर्नेहरु खाली चेक धरौटीको कारण समस्यामा पर्ने गरेका छन् ।

नेपालमा केही गर्ने सोचका साथ उद्यम शुरु गरेका नयाँ स्टार्टअप उद्यमीले पछिल्लो समय बैंकको कर्जा तिर्न नसक्दा र खाली चेक धरौटी राखेर काम गर्दा समस्यामा पर्दै गएका हुन् । ठूला व्यवसायीले चेक धरौटी स्वरुप हस्ताक्षर गराएर मिति र रकम नराखी दिने सर्तका कारण स्टार्टअप उद्यमी समस्यामा पर्ने गरेको उनीहरुको भनाइ छ। कालोसूचीमा पर्नेको संख्या बढ्नुमा उधारो कारोबारसम्बन्धी कानूनको अभाव भएको उनीहरुको भनाइ छ ।

ठूला व्यवसायीले सुरुमा खाली चेक राखेर सामान दिने तर पछि विभिन्न बाहना बनाएर त्यहि चेकको आधारमा कालोसूची र बैंकिङ कसुरमा फसाउने काम हुँदा स्टार्टअप उद्यमी कालोसूचीमा पर्ने क्रम बढेको व्यवसायी बताउँछन् । खाली चेकलाई अस्त्रको रुपमा प्रयोग गरेर तिर्नुपर्ने भन्दा बढी रकमको दाबी गर्दा उनीहरु थप समस्यामा पर्दै गएका छन् ।

चेक बाउन्स हुँदा बित्तिकै कालोसूचीमा राख्ने प्रणालीको कारण समेत कालोसूचीमा पर्नेको संख्या धेरै पुगेको छ। नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत् निर्माण व्यवसायीबाट जारी भएको चेक अनादरलाई लिएर कालोसूचीमा नराख्ने र बैंकिङ कारोबार खुल्ला गर्ने निर्णयले निर्माण व्यवसायमा राहत महसुस भएपनि साना तथा मझौला व्यवसायीलाई भने सम्बोधन भएको छैन। 'नेपालमा केही गर्छु भन्दा कालोसूचीमा पर्ने जरिवाना र जेल सजाय हुने जस्ता कानुनी झमेलामा परेका कारण कालोसूचीमा पर्नेहरुले आफ्नो व्यवहार मिलाउन सकेका छैनन्', एक व्यवसायीले बताए ।




उनी भन्छन् 'पछिल्लो दुई वर्ष यता आर्थिक परिस्थिति बिग्रिदा र ठूला व्यवसायी साना तथा मध्यम उद्यम र व्यापार गर्ने व्यवसायीलाई खाली चेक राखेर कारोबार गर्न दिए तर, पछि आफ्नो अनुकुल नभएपछि चेक बाउन्स गरेर कालोसूचीमा राख्ने काम ठूला व्यवसायीले नै गरेका छन् । '

कर्जा सूचना केन्द्रको तथ्यांकअनुसार १ लाख भन्दा बढी व्यक्ति बैकिङ कसुर अन्तरगत कालोसूचीमा परेका छन् । कालोसूचीमा पर्नेको कम्पनी तथा व्यक्तिको संख्या १ लाख ९ सय १० जना छ । यसरी १ लाख कालोसूचीमा परेका कारण बैंकमा ब्याजदर घट्दा समेत ऋण लिनेको संख्या निकै कम छ। कर्जाको माग नहुँदा बैंकमा पैसा थुप्रिएको छ । यसरी मुख्य चार्डपर्वको बेलामा समेत अर्थतन्त्र खुल्ला रुपले सञ्चालन नहुनुमा १ लाख बढी व्यक्ति कालोसूचीमा पर्नु रहेको र यसको समाधान नखोजिएको व्यवसायीको गुनासो छ ।

कोरोना महामारी पछिको समयमा कालोसूचीमा पर्नेको संख्या बढेको देखिन्छ। जसले आर्थिक गतिविधि मै समस्या सृजना गरेको छ। अबका दिनमा यो संख्या अझै तीव्र गतिमा बढ्ने देखिन्छ। गत आर्थिक वर्षमा मात्रै ४६ हजार २३ व्यक्ति तथा कम्पनी कालोसूचीमा परेका छन् । चालु अर्थिक वर्षमा समेत हरेक दिन चेक बाउन्स गरेर कालोसूचीको लागि कर्जा सुचना केन्द्रमा आउनेको संख्या २ सयको हाराहारीमा रहेको छ । कालोसूचीमा पर्नेमध्ये ७० प्रतिशत चेक बाउन्सबाट पर्ने गरेको कर्जा सुचना केन्द्रका प्रवक्ता विजय कुवँरले बताए ।

अहिले १ लाख कालोसूचीमा परेका व्यक्ति, फर्म, कम्पनीले बैंकिङ कारोबार गर्न पाएका छैनन् ।

| कुन वर्ष कति व्यक्ति कालोसूचीमा ? |
|---|
| आर्थिक वर्ष २०७६/७७ मा २ हजार ८८० जना |
| आर्थिक वर्ष २०७७/७८ मा ४ हजार १८९ जना |
| आर्थिक वर्ष २०७८/७९ मा ११ हजार ४२० जना |
| आर्थिक वर्ष २०७९/८० मा २५ हजार ४६० जना |
| आर्थिक वर्ष २०८०/८१ मा ४६ हजार २३ जना |

# 'साल्ट ट्रेडिङले उपभोग्य वस्तुको आपूर्ति सहज बनाएर राज्य र नागरिकलाई विश्वास दिलाउनुपर्छ'



**काठमाडौं/मस** – उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले साल्ट ट्रेडिङ कर्पोरेसनले दैनिक उपभोग्य वस्तुको आपूर्ति व्यवस्थालाई सहज बनाएर राज्य र नागरिकलाई विश्वास दिलाउन सक्नुपर्ने बताएका छन् ।

कर्पोरेसनको ६२ औँ वार्षिकोत्सवका अवसरमा बिहीबार आयोजित कार्यक्रममा उनले उपभोग्य वस्तुको अभाव हुन नदिएर यसले जनता र सरकारको विश्वासिलो संस्थाका रुपमा आफूलाई उभ्याउन सक्नुपर्नेमा जोड दिए ।

'साल्ट ट्रेडिङ जनताको विश्वासिलो संस्था बन्न सकोस्, 'अब दैनिक उपभोग्य वस्तुको अभाव हुँदैन साल्ट ट्रेडिङ मेरो साथमा छ' भनेर आमजनतालाई विश्वास दिलाउनुपर्छ', मन्त्री भण्डारीले भने, "उपभोग्य वस्तुको कृत्रिम अभाव तथा अस्वभाविक मूल्यवृद्धि हुन नदिन यस संस्थाले उपभोग्य बजारमा गतिलो हस्तक्षेप गर्नुपर्छ।'

मन्त्री भण्डारीले व्यवसाय विस्तारका योजना बनाउन व्यवस्थापन र कर्मचारीलाई निर्देशनसमेत दिए। 'सेवा प्रवाहलाई छिटो छरितो र सहज बनाउँदै उच्च गुणस्तरको उपभोग्य वस्तुको आपूर्तिमा व्यवस्थापनले ध्यान दिनुपर्छ', उनले भने, 'कर्पोरेसनलाई नेपालको भरपर्दो र विश्वासिलो तथा कृत्रिम अभाव अन्त्य गरी सहज आपूर्ति गर्नसक्ने संस्था बनाउनुपर्छ।'

अत्यावश्यक वस्तुको अभाव हुन नदिनेतर्फ संस्था सदैव सचेत हुनुपर्नेमा जोड दिँदै उनले रासायनिक मलको आपूर्ति व्यवस्था थप सहज बनाउन क्रियाशील बन्नुपर्छ भन्नुभयो । 'कर्पोरेसनले भरपर्दो आपूर्ति शृङ्खला बजारमा गतिलो हस्तक्षेप, बजार मूल्यमा समायोजन र गुणस्तरीय वस्तुको सहज उपलब्धतामा ध्यान दिनुपर्छ', मन्त्री भण्डारीले भने ।

कर्पोरेसनका अध्यक्ष प्रदीपलाल श्रेष्ठले गुणस्तरीय दैनिक उपभोग्य वस्तु सर्वसुलभ रुपमा जनताको घरदैलोमा पुऱ्याउन क्रियाशील रहेको बताए । उनले आगामी दिनमा कर्पोरेसनको सेवा र व्यवसाय थप विस्तार गर्ने प्रतिबद्धता व्यक्त गरे। कर्पोरेसनका प्रमुख कार्यकारी अधिकृत उर्मिला श्रेष्ठले आमजनताले दैनिक उपभोग गर्ने नुन, चिनी, तेल, चामल, पिठो, दाल, गेडागुडी, खाना पकाउने ग्यासलगायत अत्यावश्यक वस्तुको सहज आपूर्तिको व्यवस्था मिलाइएको जानकारी दिइन् ।

कार्यक्रममा एक लाख राशिको 'लक्ष्मीदास मानन्धर बाल हितकारी पुरस्कार' यसवर्षका लागि मानव कल्याण समाज काभ्रेपलाञ्चोक तथा माध्यामिक शिक्षा परीक्षा (एसइई)मा उत्कृष्ट अंक ल्याउने कर्मचारीका सन्तति दुई जनालाई छात्रवृत्ति प्रदान गरिएको थियो। यस्तै कर्पोरेसनका विभिन्न कार्यालयमा उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई पुरस्कृतका साथै २० वर्ष सेवा पूरा गरेका कर्मचारीलाई कदरपत्र प्रदान गरिएको थियो ।

# ग्लोबल आइएमई 'युरो मनी अवार्ड फर एक्सिलेन्स, २०२४'बाट सम्मानित

काठमाडौं/मस - ग्लोबल आइएमई बैंक लिमिडेट 'युरो मनी अवार्ड फर एक्सिलेन्स २०२४' अन्तर्गत बेस्ट बैंक नेपाल र बेस्ट बैंक ईएसजी (वातावरण, सामाजिक र सुशासन) नेपाल विधाबाट सम्मानित भएको छ । बिहीबार सिंगापुरमा आयोजित एक समारोहमा युरोमनी म्यागाजिनका प्रतिनिधिले बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकाल र प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीलाई उक्त अवार्ड हस्तान्तरण गरेका हुन् ।




बैंकले ग्राहकहरुलाई प्रदान गर्दै आएको सेवा, बैंकिङ क्षेत्रमा भित्र्याएको नयाँ-नयाँ प्रविधि, वातावरणीय, सामाजिक तथा सुशासनका क्षेत्रहरुमा बैंकले गरेको लगानी तथा बैंकको उच्चस्तरीय कार्यसम्पादनका लागि यो अवार्ड प्रदान गरिएको हो । यो वर्षको अवार्डसँगै ग्लोबल आइएमई बैंक दोस्रो पटक बेष्ट बैंक नेपाल अवार्डबाट सम्मानित भएको हो । यसअघि पनि ग्लोबल आइएमई बैंकले 'युरो मनी अवार्ड फर एक्सलेन्स २०२२- बेस्ट बैंक नेपाल' प्राप्त गरेको थियो ।

यस अघिपनि ग्लोबल आइएमई बैंक ख्यातिप्राप्त विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुबाट फरकफरक विधामा सम्मानित भएको छ । बैंकले अहिलेसम्म बैंक अफ द इयर २०१४, बेष्ट इन्टरनेट बैंक २०१६, बेष्ट बैंक अवार्ड २०२४ र बेष्ट इम्प्लोयर जस्ता प्रतिष्ठित अवार्डहरु प्राप्त गरिसकेको छ ।

# मुक्तिनाथका ग्राहकलाई बुद्ध एयरको टिकटमा छुट

काठमाडौं/मस - मुक्तिनाथ विकास बैंकका कर्मचारी र ग्राहकलाई बुद्ध एयरले टिकटमा छुट दिने भएको छ। दुई पक्षबीच भएको सम्झौतासँगै बैंकका कर्मचारी र ग्राहकहरुले बुद्धको हवाई टिकट खरिद गर्दा ८ प्रतिशतसम्म छुट पाउने भएका हुन् ।

सम्झौतामा बैंकको तर्फबाट बैंकका मार्केटिङ विभाग प्रमुख विनयरत्न शाक्य र बुद्ध एयरको तर्फबाट मार्केटिङ सेल्सका निर्देशक रुपेश जोशीले संयुक्त रुपमा हस्ताक्षर गरेका छन् । उक्त सम्झौता बमोजिम अगामी दिनमा मुक्तिनाथ विकास बैंकको मोबाइल बैंकिङ तथा भिसा कार्ड प्रयोग गर्ने सबै ग्राहकहरुले बुद्ध एयरको टिकट काउन्टरबाट हवाई टिकट खरिद गर्दा ८ प्रतिशतसम्म छुट पाउने छन् ।



बुद्ध एयरका मार्केटिङ सेल्सका निर्देशक रुपेश जोशीले अब केही दिनभित्रमा बुद्ध एयरको मोबाइल एपबाट समेत यस्तो सुविधा लिनसक्ने व्यवस्था मिलाउने जानकारी दिए । साथै, बैंकले नेपालमै टिक्न, सजिलो छ भन्ने नाराको साथ साना व्यापार तथा व्यवसायलाई प्रोत्साहन गर्न मुक्तिनाथ सरल कर्जा योजनाहरु ल्याएको छ ।

# मोरङको कञ्चनबारीमा एनआईएमबीको शाखा विस्तार




**काठमाडौं/मस** – नेपाल इन्भेष्टमेण्ट मेगा बैंक (एनआईएमबी) ले मोरङको कञ्चनबारीमा नयाँ शाखा विस्तार गरेको छ । बैंकले मोरङ जिल्ला विराटनगर महानगरपालिका वडा नं ४ मा बिहीबारदेखि कञ्चनबारी शाखा सञ्चालनमा ल्याएको हो । यो शाखासहित बैंकको शाखा संख्या दुई सय ७३ पुगेको छ । नयाँ शाखाबाट बिहीबारदेखि नै सम्पूर्ण बैंकिङ सेवाहरु शुरु भएको छ ।

बैंकका कोशी प्रदेश प्रमुख यशपाल कुमार तिब्रेवालले नयाँ शाखाको उद्घाटन गरेका थिए । उद्घाटन कार्यक्रममा प्रदेश प्रमुखले नयाँ शाखाबाट ग्राहकहरुलाई उत्कृष्ट बैंकिङ सेवा तथा सुविधाहरु दिने बताए।

# केई गाडीको टेष्ट ड्राइभ कार्यक्रम हुने




**काठमाडौं/मस** – नेपालको लागि केई अटोमोबाइल्सको आधिकारिक बिक्रेता लक्ष्मी ई मोबिलिटीले 'एम्सपेरियन्स केई' टेष्ट ड्राइभ कार्यक्रम यही भदौ २९ र ३० गते आयोजना गर्ने भएको छ । भदौ २९ गते केई शोरुम थापाथली र ३० गते केई शोरुम भाटभटेनी नक्सालमा गई केईको इलेक्ट्रीक एसयूभ एक्स३ प्रो इभी, इलेक्ट्रीक ह्याचब्याक ई क्वेट ०४ र र ई क्वेट इ२ टेष्ट ड्राइभ गर्न सकिने छ ।

प्रत्येक टेस्ट ड्राइभमा सहभागीहरुलाई हात खाली नहुने गरी आकर्षक उपहारहरु राखिएको कम्पनीले जनाएको छ । सहभागीहरु मध्य एक जना भाग्यशाली सहभागीले जर्मन अन्तर्राष्ट्रिय ब्रान्ड बोसको मिक्चर ग्राण्डर प्राप्त गर्नेछन् । लक्ष्मी ग्रुप अटोमोटिभ डिभिजन अन्तर्गत बिक्री वितरण गरिएको केई चाइनिज ब्रान्ड हो, जुन नाडा अटो शो मा पहिलोपटक सार्वजनिक गरिएको थियो । कम्पनीले गाडीको ड्राइभिङ अनुभव प्रदान गर्न यो कार्यक्रम आयोजना गरेको जनाएको छ ।


**त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धनप्राप्त**
**रवि क्याम्पस**
**मिक्लाजुङ-४, रवि, पाँचथर**
**स्था:२०६५**

**सिलबन्दी बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०५/२८**

यस रवि क्याम्पसले सिलबन्दी बोलपत्रद्वारा निर्माण कार्य खरिद गर्नुपर्ने भएकोले सिलबन्दी बोलपत्रमा उल्लेख भएअनुसार योग्यता पुगेका ईच्छुक निर्माणकर्ताहरुले बोलपत्र दरखास्त फाराम खरिदको लागि रवि क्याम्पसको नेपाल बैंक लिमिटेडको खाता नं. 1500010697686300001 र बोलपत्र जमानत नगद धरौटीको लागि रवि क्याम्पसको राष्ट्रिय वाणिज्य बैंकको खाता नं.: 2140100003355001 मा जम्मा गरी बोलपत्रमा सहभागी हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र नं | बोलपत्रको विवरण | लागत अनुमान (मू.अ.कर र पि.एस बाहेक) | बोलपत्र दरखास्त फाराम रकम रु. | बोलपत्र जमानत रकम |
|---|---|---|---|---|
| MRC/NCB/WORKS-01/081/082 | Procurement of Rabi Campus Building Construction | रु. ५५,३९,०१५।१७ (अक्षरेपी पचपन्न लाख उन्चालिस हजार पन्ध्र रुपैया सत्र पैसा मात्र) | रु. ३,०००।०० (अक्षरेपी तीन हजार रुपैया मात्र) | रु. १,७५,०००।०० (अक्षरेपी एक लाख पचहत्तर हजार रुपैया मात्र) |

१. सिलबन्दी बोलपत्र खरिद र पेश गर्ने अन्तिम मिति, समय र स्थान:- विद्युतीय खरिद प्रणालीबाट २०८१/०६/२९ गते दिउँसो १२।०० बजेसम्म www.bolpatra.gov.np/egp बाट
२. सिलबन्दी बोलपत्र खोल्ने समय र स्थान:- २०८१/०६/२९ गते दिउँसो १३।०० बजे, रवि क्याम्पसको कार्यालय, रवि, पाँचथर ।
३. सूचनाको विस्तृत विवरण कार्यालयको website: www.rabicampus.edu.np, PPMO को website: www.bolpatra.gov.np/egp सम्पर्क नं 9852629218 मा सम्पर्क गरि बुझ्न सकिनेछ ।

**क्याम्पस प्रमुख**



**कर्णाली प्रदेश सरकार**
**जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय**
**खानेपानी सिंचाई तथा ऊर्जा विकास निर्देशनालय**
**खानेपानी, सिंचाई तथा ऊर्जा विकास कार्यालय**
**दुनै डोल्पा**

**उत्पादक तथा अधिकृत विक्रेताद्वारा निर्धारित दरमा (क्याटेलग सपिङ्ग) विधिबाट सवारी साधन खरिद गर्ने सम्बन्धि सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८१-०५-२८)**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १ (क) को ८, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ख तथा उत्पादक वा अधिकृत विक्रेताद्वारा निर्धारित दरमा (क्यालग सपिङ्ग) खरिद कार्यविधि २०७४ बमोजिम उत्पादक कम्पनी वा सो को आधिकारिक विक्रेताहरूबीच मात्र प्रतिस्पर्धा गराई क्याटलग सपिङ्ग विधिबाट यस कार्यालयको लागि 4WD Double CAB PICKUP थान १ (एक) सवारी साधन खरिद गर्नुपर्ने भएकाले इजाजत प्राप्त इच्छुक उत्पादक कम्पनी वा त्यसको आधिकारिक विक्रेताहरूबाट फर्म दर्ता प्रमाण पत्र, एजेन्सी दर्ता प्रमाण पत्र, Letter of authorization, मूल्य अभिवृद्दी कर दर्ता प्रमाण पत्र र आ.व. २०८०-०८१ को कराचुक्ताको प्रमाण पत्र अथवा यस आ.व. को पुस मसान्तसम्मको करचुक्ता म्यादथपको प्रमाण पत्र समावेश गरि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ख को उपनियम २ अनुसार तोकिएको स्पेसिफिकेसन, गुणस्तर, कम्पनीको मूल्य खुल्ने र सुविधा सहितको विवरण (रंगिन क्याटलग/ब्रोसर) समेत संलग्न गरी सूचना प्रकाशित भएको मितिले १० (दश) दिनको कार्यालय समयभित्र फरक फरक (प्राविधिक र आर्थिक) सिलबन्दी खामको बाहिर विस्तृत ठेगाना र लाहा छाप सहित यस कार्यालयमा निवेदन दर्ता गर्न हुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। निवेदन दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुल्ने दिन निवेदन दर्ता गर्न सकिने छ। खरिद गरिने सवारी साधनको स्पेसिफिकेसन सम्बन्धि थप जानकारी यस कार्यालयको वेवसाइट wieodolpa.karnali.gov.np तथा खरिद इकाईबाट प्राप्त गर्न सकिनेछ। पेश हुन आएका प्रस्तावहरू स्वीकृत गर्ने वा अस्वीकृत गर्ने एवं खरिद प्रक्रिया जुनसुकै बखत रद्द गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

**खरिदको विवरण**

| क्र. सं. | खरिद गर्नुपर्ने मालसामानको नाम | संख्या | स्पेसिफिकेसन | कैफियत |
|---|---|---|---|---|
| १. | 4WD Double CAB PICKUP | १ (एक) | Supply and delivery of 4WD Double CAB PICKUP four-wheel drive suitable for driving at hilly rough road driving in Nepal at an altitude up to 2500 meter, Gross vehicle weight of the vehicle shall not be less than 2500KG. Payload not less than 900 kg and shall have seating capacity for at least 5 persons including driver. Having turbocharged intercooled diesel engine developing maximum rated power output not less than 45Kw at governed RPM with torque min. 190NM at governed RPM, with manual shift at least five forward and one reverse transmission. | संक्षिप्त विवरण उल्लेख नभएको कुराहरू Technical Specification बमोजिम हुनेछ । |

**कार्यालय प्रमुख**



प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**